वर्ष २० | अंक ९७ | काठमाडौं | बुधवार, १७ पुस २०८१ | Wednesday, 1 January 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

पाँच महीनामा पूँजीगत खर्च २२ प्रतिशत २

निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै ग्लोबल आइएमई बैंक ३

सहकारी अध्यादेश संकट समाधानमा कति सहयोगी ? ४

स्टचान्डर्ड चार्टर्ड बैंक नेपालका सीईओ गोरख शमशेर राणासँगको अन्तरवार्ता ८

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

नयाँ वर्ष २०२५ को पूर्वसन्ध्यामा काठमाडौंको प्रमुख पर्यटकीय क्षेत्र ठमेल ।

तस्वीर : सुनिल शर्मा/अर्थिक अभियान

फुकोट कर्णाली जलविद्युत् आयोजनाको काम एक वर्षदेखि ठप्प

प्रशान्त खड्का

काठमाडौं

विद्युत् उत्पादन कम्पनी र भारतको एनएचपीसी लिमिटेडले संयुक्त रूपमा बनाउन लागेको ४८० मेगावाट क्षमताको फुकोट कर्णाली जलविद्युत् आयोजनामा १ वर्षदेखि सबै काम ठप्प छ ।

एनएचपीसीलाई फुकोट कर्णाली बनाउन दिने निर्णयको विरोधमा सर्वोच्च अदालतमा दायर गरिएको रिटमा सर्वोच्च अदालतले गतवर्ष पुस २० गते विद्युत् उत्पादन कम्पनी र एनएचपीसीबीच भएको सम्झौता तत्काल कार्यान्वयन नगर्न सरकारका नाममा परमादेश जारी गरेसँगै आयोजनाका सम्पूर्ण काम ठप्प भएको हो ।

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल २०८० साल जेठमा भारत भ्रमणमा गएका बेला नेपाली र भारतीय सरकारी कम्पनीहरूबीच उक्त परियोजना संयुक्त रूपमा विकास गर्ने सम्झौता भएको थियो ।

त्यसलगत्तै परियोजना विकासको तयारी स्वरूप डेढ अर्ब रुपैयाँ खर्च भइसकेको विद्युत् उत्पादन कम्पनीका प्रमुख कार्यकारी अधिकृत बखतबहादुर शाहीले बताए । 'घरजग्गा/टहरा अधिग्रहण, मुआब्जा वितरण, कम्पनीको आवास निर्माण, परीक्षण टनेल निर्माण, सडक निर्माणलगायत काममा उक्त रकम खर्च भएको हो,' उनले भने । परियोजनाको लागत ९२ अर्ब रुपैयाँ अनुमान गरिएको छ ।

हाल विद्युत् उत्पादन कम्पनी लिमिटेडअन्तर्गत रहेको उक्त परियोजना सर्वोच्चमा परेको रिटका कारण अनिश्चित बन्दै गएको कम्पनीका कार्यकारी अधिकृत शाहीले बताए ।

उनका अनुसार परियोजनामा लगानी सुनिश्चित छ । निर्माण चरणमा जानुअघि गर्नुपर्ने अधिकांश काम सकिएर आयोजना 'रेडी टु गो' अवस्थामा छ । तर, अदालतको आदेशका कारण निर्माण कहिले शुरू हुन्छ भन्ने कुरा अनिश्चित छ । सन् २०३३ सम्म बनाइसक्ने कार्यतालिका भए पनि अदालती आदेशका कारण तयारीको काम १ वर्षदेखि हुन नसकेकाले यो परियोजना टुंगिने समय केही वर्ष पछि धकेलिन सक्ने सम्बद्ध अधिकारी बताउँछन् ।

'आउँदो जुलाईपछि निर्माणमा जाने योजना थियो तर वातावरण अध्ययन प्रतिवेदन (ईआईए) १ वर्षदेखि स्वीकृत हुन सकेको छैन । त्यसैले परियोजना टुंगिने मिति २ वर्ष पछाडि धकेलिने सम्भावना छ,' शाहीले भने ।

विद्युत् उत्पादन कम्पनी र एनएचपीसीबीच भएको सम्झौताअनुसार संयुक्त उपक्रममा एनएचपीसीको ५१ प्रतिशत र बाँकी नेपाली कम्पनीको शेयर हुनेछ । उक्त परियोजनाबाट उत्पादित ऊर्जामध्ये २१ दशमलव ९ प्रतिशत नेपाललाई निःशुल्क उपलब्ध हुने शर्त सम्झौतामा छ ।

पछि एनएचपीसीले नेपाललाई निःशुल्क बिजुली दिने प्रावधानमा पुनर्विचार गर्न आग्रह गर्दै नेपाललाई पत्र लेख्यो । तर, सर्वोच्चमा परेको रिटका कारण हालसम्म यस विषयमा नेपाल सरकार र भारतीय कम्पनीबीच कुनै वार्ता अघि बढ्न नसकेको विद्युत् उत्पादन कम्पनीले बताएको छ ।

कालीकोटको रास्कोट नगरपालिका-८ की यशुदाकुमारी बराल र अजयबहादुर शाहीले स्थानीय सरकारलाई थाहै नदिई केन्द्र सरकारले भारतीय कम्पनीलाई ५१ प्रतिशत शेयर दिएकाले उक्त सम्झौता खारेज गर्नुपर्ने माग गर्दै सर्वोच्चमा रिट दायर गरेका हुन् ।

रिटमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, विद्युत् विकास विभाग, नेपाल विद्युत् प्राधिकरण, विद्युत् उत्पादन कम्पनी लिमिटेड, फुकोट कर्णाली हाइड्रोपावर प्रोजेक्टको कार्यालयलगायत १० ओटा सरकारी कार्यालयलाई विपक्षी बनाइएको छ ।

» बाँकी पृष्ठ ५ मा

घरजग्गा/टहरा अधिग्रहण, मुआब्जा वितरण, कम्पनीको आवास निर्माण, परीक्षण टनेल निर्माण, सडक निर्माणलगायत तयारीको काममा डेढ अर्ब खर्च भइसकेको विद्युत् उत्पादन कम्पनीको भनाइ

कमजोर वित्तीय अवस्था भएका कम्पनीमाथि राष्ट्र बैंकको कारबाहीको असर

सबै वित्त कम्पनीको शेयर मूल्य घटयो

पोखरा र जानकी फाइनान्सको नकारात्मक सर्किट

प्रजिता बुढाथोकी

काठमाडौं

वित्तीय अवस्था कमजोर रहेको वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकले कारबाही थालेपछि त्यसको असर वित्त कम्पनीहरूको शेयरमूल्यमा परेको छ। राष्ट्र बैंकले गतसाता कर्णाली विकास बैंकलाई समस्याग्रस्त घोषणा गरी व्यवस्थापन आफ्नो हातमा लिएको थियो । त्यसैगरी पोखरा फाइनान्सलाई पनि शीघ्र सुधारात्मक कारबाही गरिन लागेको राष्ट्र बैंक स्रोतले बताएको छ। यसको असर वित्तसमूहका सबै कम्पनीको शेयरमूल्यमा परेको हो । मंगलवार सबै वित्त कम्पनीको शेयरमूल्य घटचो र यो समूहको सूचक पनि सर्वाधिक ५ दशमलव १९ प्रतिशतले घटेको छ ।

पोखरा फाइनान्सको शीघ्र सुधारात्मक कारबाहीको समाचार बाहिरिएसँगै यसको शेयरमूल्य १० प्रतिशत घटेको छ। अघिल्लो कारोबार दिनको तुलनामा कम्पनीको शेयरमूल्य प्रतिकित्ता ५७ रुपैयाँ ७० पैसाले घटेर अन्तिम मूल्य ५१९ रुपैयाँ ३० पैसा कायम भएको हो । मंगलवार कम्पनीको २ करोड २० लाख ६१ हजार रुपैयाँ बराबरको ४२ हजार ४५४ कित्ता शेयर कारोबार भएको छ । पोखरा फाइनान्सको निष्क्रिय कर्जा १४ दशमलव ४४ प्रतिशत र पूँजीकोष अनुपात १० दशमलव ९९ प्रतिशत कायम भएको छ । नेपाल राष्ट्र बैंकले वित्तीय संस्थाको निष्क्रिय कर्जा ५ प्रतिशतभन्दा बढी र पूँजीकोष अनुपात १० प्रतिशतभन्दा कम भएको अवस्थामा शीघ्र सुधारात्मक कारबाही गर्न सक्छ ।

» बाँकी पृष्ठ ५ मा

कम्पनी	शेयरमूल्य रू	मंगलवार मूल्यमा भएको परिवर्तन (प्रतिशत)
पोखरा फाइनान्स	५१९.३०	-१०
जानकी फाइनान्स	७५०.१०	-१०
गुहेश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स	४९५	-९.३४
मल्टीपर्पस फाइनान्स	६००	-७.८३
सेन्ट्रल फाइनान्स	५४०	-७.२२
समृद्धि फाइनान्स	५६८	-६.५८
रिलायन्स फाइनान्स	५२९	-५.८४
श्री इन्भेष्टमेन्ट फाइनान्स	५४१	-५.४
बेष्ट फाइनान्स	६०५	-५.३१
गोर्खाज फाइनान्स	६३१	-३.९६
प्रोग्रेसिभ फाइनान्स	५८५	-३.९४
मञ्जुश्री फाइनान्स	६२९.२०	-३.२
नेपाल फाइनान्स	९७४.९	-२.७
आइसिएफसि फाइनान्स	६४०	-१.८६
गुडविल फाइनान्स	७६४	-१.६९

स्रोत : नेपाल स्टक एक्सचेन्ज लिमिटेड

- **पोखरा फाइनान्सको शीघ्र सुधारात्मक कारबाहीको समाचार बाहिरिएसँगै यसको शेयरमूल्य १० प्रतिशत घटेको छ**
- **जानकी फाइनान्सको शेयरमूल्य पनि १० प्रतिशत घटेको छ**
- **पोखरा फाइनान्सको निष्क्रिय कर्जा १४ दशमलव ४४ प्रतिशत**
- **जानकी फाइनान्सको निष्क्रिय कर्जा ३४ दशमलव ६४ प्रतिशत**
- **वित्त कम्पनीहरूको औसत निष्क्रिय कर्जा १० दशमलव ८४ प्रतिशत**



कर्णाली प्रदेशका उद्योगको औसत क्षमता उपयोग ३.७८ प्रतिशत बिन्दुले घट्यो

अभियान संवाददाता

काठमाडौं

गत आर्थिक वर्ष (आव) २०८०/८१ मा कर्णाली प्रदेशका उद्योगहरूको औसत क्षमता उपयोग ३ दशमलव ७८ प्रतिशत बिन्दुले घटेको एक अध्ययनले देखाएको छ । नेपाल राष्ट्र बैंकले मंगलवार सार्वजनिक गरेको प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनअनुसार यस प्रदेशका उद्योगहरूको औसत क्षमता उपयोग घटेको देखिएको हो । प्रतिवेदनमा उल्लेख भएअनुसार समीक्षा वर्षमा कर्णाली प्रदेशमा नमूना छनोटमा समेटिएका उद्योगहरूको औसत क्षमता उपयोग ४८ दशमलव ५१ प्रतिशत रह्यो । अघिल्लो आव २०७९/८० मा यो ५२ दशमलव २९ प्रतिशत थियो ।

समग्र अर्थतन्त्र सुस्ताएका बेला कर्णालीमा म्यानुफ्याक्चरिङ उद्योगको क्षमता उपयोग घटेको हो । खासमा राष्ट्रिय तथ्यांक कार्यालयले देशभरिको म्यानुफ्याक्चरिङ क्षेत्र गत आव १ दशमलव ६ प्रतिशतले खुम्चने अनुमान गरेको थियो । यो क्षेत्रले कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ९ दशमलव ७ प्रतिशत योगदान गर्छ । प्रतिवेदनमा उल्लेख भएअनुसार समीक्षा वर्षमा प्लास्टिकका सामानसम्बन्धी उद्योगको उपयोग क्षमता सबैभन्दा बढी शतप्रतिशत रहेको छ । सबैभन्दा कम अन्न तथा पशुदानाअन्तर्गत पिठो उत्पादनसम्बन्धी उद्योगको उपयोग क्षमता १५ प्रतिशत रहेको छ ।

त्यसैगरी, कागज उत्पादन, काठ तथा काठको सामान, अन्य खाद्य पदार्थ (प्रशोधित चिया), अन्य (अन्य लत्ता कपडा) र पशुदाना उत्पादन गर्ने उद्योगअन्तर्गत चामल उत्पादनसम्बन्धी उद्योग, प्रशोधित दूध उत्पादनसम्बन्धी उद्योग र पशुदानासम्बन्धी उद्योगको उपयोग क्षमता क्रमशः ९० प्रतिशत, ५२ प्रतिशत, ५१ दशमलव ११ प्रतिशत, ४८ दशमलव ९४ प्रतिशत, ४१ दशमलव ६७ प्रतिशत, २१ दशमलव २३ प्रतिशत र १६ दशमलव ६७ प्रतिशत रहेको छ ।

» बाँकी पृष्ठ ५ मा

राष्ट्र बैंकका अनुसार औसत क्षमता उपयोग अघिल्ला आर्थिक वर्ष ५२ दशमलव २९ प्रतिशत रहेकोमा गत आर्थिक वर्ष २०८०/८१ मा ४८ दशमलव ५१ प्रतिशतमा ओर्लेको छ



आँधीखोलामा तटबन्ध निर्माण गर्दै भीरकोट नगरपालिका

वालिङ (स्याङ्जा) । स्याङ्जाको भीरकोट नगरपालिकाले आँधीखोलामा तटबन्ध निर्माणलाई प्राथमिकतामा राखी काम शुरू गरेको छ । आँधीखोलाले बर्सेनि खेतीयोग्य उर्वर भूमि कटान गरेकाले रोकथाम तथा खोला नियन्त्रणका लागि नगरपालिकाले गौरवको योजनाका रूपमा तटबन्ध निर्माणलाई तीव्रता दिएको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताए ।

भीरकोट नपाले गत आव २०८०/८१ मा एक करोड ४८ लाख विनियोजन गरेको थियो ।

'चालू आर्थिक वर्षमा पालिकाका तर्फबाट तीन करोड ७६ विनियोजन गरी तटबन्ध निर्माण भइरहेको छ,' उनले भने। यस वर्ष खोलाको दुईतर्फ एक हजार ७७ मिटर लम्बाइको तटबन्ध निर्माण हुने जनाइएको छ। नगरपालिका तथा गण्डकी प्रदेशले छुट्टाछुट्टै स्थानमा खोला नियन्त्रणका लागि काम गरिरहेकाले आगामी वर्षदेखि तटबन्धले फाइदा पुग्ने उनको भनाइ छ । 'खोलाको दुवै किनारामा तटबन्ध निर्माणपश्चात् कोरिडोर निर्माण गरी सवारीसाधन सञ्चालन गर्ने योजना छ,' उनले भने, 'खोलाको दुवै किनारामा तीन किलोमिटर तटबन्ध निर्माण हुन्छ, आगामी दुई वर्षसम्म बाँकी काम सम्पन्न हुन्छ ।'

भीरकोट नपाले गत आव २०८०/८१ मा एक करोड ४८ लाख विनियोजन गरेको थियो । विनियोजित बजेटबाट ८८ लाखमा चार सय ३० मिटर निर्माण गर्नेगरी ठेक्का सम्झौता भएको नगरपालिकाका इन्जिनियर सरोज पराजुलीले बताए । आव २०७९/८० मा पालिकामार्फत दुई सय ६० मिटर तटबन्ध निर्माण भएको थियो । *रासस*

ज्योति विकास बैंकका ग्राहकलाई दुसित थानी हिमालयन रिसोर्ट धुलिखेलमा छूट

काठमाडौं (अस) । ज्योति विकास बैंकका ग्राहकले 'दुसित थानी हिमालयन रिसोर्ट धुलिखेल'का सेवामा छूट पाउने भएका छन् । उक्त रिसोर्टमा बैंकका ग्राहकले १५ प्रतिशतसम्मको छूट पाउने भएका हुन्। रिसोर्टले खाना तथा पेय पदार्थ, देवराना वेलनेस स्पा, स्वीमिङ पुल, ज्याकुजी, स्टीम र साउना जस्ता सुविधामा बैंकका ग्राहकले छूट पाउने भएका हुन् । हालै बैंकले पोखरास्थित 'टिका रिसोर्ट'मा ३० प्रतिशत र 'अतिथि रिसोर्ट एण्ड स्पा'मा २० प्रतिशत छूट पाउने गरी सम्झौता गरेको छ ।

बैंकले ग्राहकको सुविधालाई प्राथमिकतामा राख्दै देशका अन्य विभिन्न व्यवसायसँगको सहकार्यमा ग्राहकलाई विशेष छूट र सुविधा प्रदान गर्दै आएको छ । बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले ५१ ओटा न्यानो नानीमार्फत हरेक वर्ष १ हजार ८८७ भन्दा बढी नेपाली शिशुको जीवन रक्षा गर्न सहयोग गरेको बताइएको छ ।

पाँच महीनामा पूँजीगत खर्च २२ प्रतिशत

सूर्यप्रसाद अधिकारी

चितवन

चितवनमा चालू आर्थिक वर्ष (आव) २०८१/८२ को पाँच महीनामा संघीय बजेटबाट २२ दशमलव १७ प्रतिशत पूँजीगत खर्च भएको छ। यस अवधिमा चालू खर्च ३९ दशमलव ६ प्रतिशत भएको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय, चितवनका अनुसार चालू आवमा जिल्लाका विभिन्न संघीय कार्यालयले चालूतर्फ १२ अर्ब ५३ करोड ७७ लाख १८ हजार रुपैयाँ र पूँजीगततर्फ आठ अर्ब ८८ करोड ५२ लाख ८४ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो।

मङ्सिर मसान्तसम्ममा चालूतर्फ चार अर्ब ९७ करोड ७१ लाख ५८ हजार र पूँजीगततर्फ एक अर्ब ९६ करोड ९८ लाख ७५ हजार रुपैयाँ खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय, चितवनका सूचना अधिकारी पूर्णबहादुर पौडेलले जानकारी दिए ।

नारायणी नदी व्यवस्थापन आयोजनाले एक अर्ब चार लाख ७२ हजार, सडक डिभिजन, भरतपुरले २६ करोड २५ लाख १८ हजार, नारायणघाट-मुग्लिन सडक आयोजना, भरतपुरले २३ करोड ७२ लाख ७६ हजार, सघन शहरी तथा भवन निर्माण आयोजना चितवनले १९ करोड ८१ लाख ६६ हजार र संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले ११ करोड सात लाख ४३ हजार रुपैयाँ पूँजीगत खर्च गरेका छन्।

जिल्लाका प्रदेश कार्यालयले चालू आवको पाँच महीनामा पूँजीगततर्फ ८ दशमलव ५ प्रतिशत र चालूतर्फ ३० प्रतिशत खर्च गरेका छन्। प्रदेश लेखा इकाइ भरतपुरका अनुसार पाँच महीनामा १६ करोड ८६ लाख ४३ हजार रुपैयाँ पूँजीगत र ४७ करोड २५ लाख ३८ हजार रुपैयाँ चालू खर्च भएको कार्यालयले जनाएको छ।

दूधमती नदीको संरक्षण र सौन्दर्यकरणका लागि सीमांकन शुरू

महेन्द्रनगर (धनुषा) । धनुषा र महोत्तरी जिल्ला जोड्ने दूधमती नदीको संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्यले सीमांकनको काम शुरू गरिएको छ। दूधमती नदीको उद्गमस्थल क्षीरेश्वरनाथ नगरपालिका-५ मा रहेको अरजनवाँ गाउँबाट सोमवारदेखि सीमांकनको काम शुरू गरिएको हो ।

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव, मधेश प्रदेशका ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, मन्त्रालयका सचिव जक्की अहमद अन्सारी, क्षीरेश्वरनाथ नगरपालिकाका प्रमुख सुखदेव यादव, लक्ष्मिनिया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र झालगायत जनप्रतिनिधिले नेपालको झण्डोत्तोलन गरेर सीमांकनको शुभारम्भ गरे ।

धनुषा महोत्तरी क्षेत्रमा कुल २९ किलोमिटरको दूरीमा रहेको दूधमती नदीको सीमांकनको प्रारम्भिक चरणमा नक्साअनुसार नापजाँच गरेर क्षेत्रफल निकाल्ने र पिलर गाड्नेसहित जग्गा छुट्टयाउने गरी पैनी खन्ने काम सोमवारदेखि शुरू गरिएको छ । दूधमती नदी संरक्षण तथा संवर्द्धन उच्चस्तरीय उपसमितिद्वारा सञ्चालित दूधमती नदी उक्सा तथा विकास परियोजनाअन्तर्गत अतिक्रमणमा परेका नदीको जग्गा अतिक्रमणबाट हटाइने र पुरिएका नदी क्षेत्रको उत्खनन गरी सौन्दर्यकरण गरिनेछ ।

सो अवसरमा कांग्रेस सहमहामन्त्री यादवले दूधमती नदी पर्यटकीय क्षेत्रमा रूपमा विकास भए क्षीरेश्वर नगरपालिका मात्र नभई धनुषादेखि महोत्तरीसम्मका जनताका लागि आर्थिक विकासको ठूलो अवसर रहेको बताए । उनले दूधमती नदीको उकास र विकास भए धनुषा महोत्तरी मात्र नभई नेपाल भारत समेतका अन्य क्षेत्रका लागि यो एउटा ठूलो पर्यटकीय गणतव्यका रूपमा स्थापित हुने समेत बताए ।

उच्चस्तरीय समितिका अध्यक्षसमेत रहेका मन्त्री शेषनारायण यादवले प्रदेश सरकारको अहिलसम्मकै प्रदेश सरकारको ठूलो गौरवको आयोजना रहेको यो दूधमती नदीलाई कोरिडोरका रूपमा स्थापना गरिने भएकाले यसमा स्थानीय जनताको आवश्यकता रहेकाले सहयोग गर्न आग्रह गरे ।

करीब पाँच अर्ब रुपैयाँको बहुवर्षीय परियोजनाअन्तर्गत रहेको यस योजनाअन्तर्गत दूधमतीको बहाव क्षेत्रबाहेक दुवैतर्फ ११/११ मिटर कालोपत्र सडक, उद्गमस्थलमा मन्दिर तथा पार्कसहित पोखरीको सौन्दर्यीकरण, नदी बहाउ क्षेत्रमा पर्ने प्रत्येक गाउँ नजिक दूधमती र सीता माताको मन्दिरसहित पार्क, प्रत्येक दुई/दुई किलोमिटरको दूरीमा ड्याम निर्माण गरिनेछ ।

कार्यक्रममा स्थानीय तहका तर्फबाट क्षीरेश्वरनाथ नगरपालिकाका प्रमुख सुखदेव यादवले परियोजना शुरू भएपछि नगरपालिकाबाट २५ लाख र लक्ष्मिनिया गाउँपालिकाका प्रतिनिधिले ११ लाख रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाए । *रासस*

कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८१/९/१७ गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाँई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाँईहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाँई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको व्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति विक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारबालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

तपसिल

दरबारमार्ग शाखा :

१) ऋणी : राधे श्याम थापा (ना.प्र.नं. ५२१०, जारी मिति/स्थान : २०४९/९/२४, काठमाण्डौ)
बाबु : शिव बहादुर थापा, बाजे : मन बहादुर थापा, पत्नि : रन्जिता थापा
ठेगाना : काठमाण्डौ जिल्ला, खड्का भद्रकाली गा.वि.स. वडा नं. १, हात्तिगौडा, गणेशचोक, काठमाण्डौ

व्यक्तिगत जमानीकर्ताहरु :
क) रञ्जिता थापा, बाबु : तिलक बहादुर थापा, ससुरा : शिव बहादुर थापा, पति : राधे श्याम थापा
ख) राधे श्याम थापा, बाबु : शिव बहादुर थापा, बाजे : मान बहादुर थापा, पत्नि : रन्जिता थापा
ठेगाना : काठमाण्डौ जिल्ला, खड्का भद्रकाली गा.वि.स. वडा नं. १, हात्तिगौडा, गणेशचोक, काठमाण्डौ

कर्जा शिर्षक : भेहिकल लोन

सवारी साधनको विवरण : श्री राधे श्याम थापालाई ऋणी कायम गरी बागमती अञ्चल यातायात व्यवस्था कार्यालय, एकान्तकुना ललितपुरमा महालक्ष्मी विकास बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको मोडेल : Compass Limited (O) 4*4 2.0D सवारी साधन नं. बा २१ च ७११६, च्यासिस नं. MCANJRCY1KFA50543*3K, इञ्जिन नं. 4032474, सवारी साधनको रङ : Brilliant Black, डिजेल ।

२) ऋणी : अश्मिता कलेक्सन ट्रेड (प्रो. मधुसुदन सिलवाल, ना.प्र.नं. ४०९०४, जारी मिति/स्थान : २०५२/४/२४, नुवाकोट)
दर्ता नं. : ७८१९३, दर्ता मिति : २०६४/०२/१३, (वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग)
पान नं. ३०२६२३१५६, जारी मिति : २०६४/०२/१५ गते
ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा.–१० नयाँबानेश्वर, काठमाण्डौ

व्यक्तिगत जमानीकर्ताहरु :
(क) मधुसुदन सिलवाल, बाबु : तिर्थ राज सिलवाल, बाजे : कृष्ण प्रसाद सिलवाल
ठेगाना : जिल्ला नुवाकोट, रालुकादेवी वडा नं. १
(ख) अजिता रायमाझी, बाबु : दिलिप कुमार रायमाझी, बाजे : काली चरण रायमाझी, पति : मधुसुदन सिलवाल
ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. १०, काठमाण्डौ

संस्थागत जमानी :
अश्मिता कलेक्सन ट्रेड (प्रो. मधुसुदन सिलवाल)
दर्ता नं. : ७८१९३, दर्ता मिति : २०६४/०२/१३,
पान नं. ३०२६२३१५६

धितो सुरक्षणको विवरण : श्री काली चरण रायमाझीको नातिनी, श्री दिलिप कुमार रायमाझीको छोरी, श्री तिर्थ राज सिलवालको बुहारी, श्री मधुसुलदन सिलवालको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा १०, काठमाण्डौ बस्ने श्री अजिता रायमाझीको नाममा मालपोत कार्यालय काठमाण्डौ मनमैजुमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, मनमैजु वडा नं. ६ स्थित सीट नं. १०२०९४४०७, कि.नं. २२५ क्षे.फ १२०.५३ व.मि. को घरजग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत ।

३) ऋणी : वेलवे इन्टरप्राइजेज प्रा.लि. (संचालक : अभिषेक चौधरी, ना.प्र.नं. ७/१०६८०, जारी मिति/स्थान : २०६६/३/२३, मोरङ्ग)
दर्ता नं. : २०८४९१/०७५/७६, दर्ता मिति : २०७५/१०/२७ (कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर)
पान नं. ६०६६५८३९९ जारी मिति : २०७५/१०/२८ गते
ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा.–१० संखमुल, काठमाण्डौ

व्यक्तिगत जमानीकर्ताहरु :
(क) अभिषेक चौधरी, बाबु : आमोद प्रसाद चौधरी, बाजे : भागवत चौधरी
ठेगाना : मोरङ्ग जिल्ला, कटहरी–६, हाल का.जि., का.म.न.पा.–१० संखमुल
(ख) शुभम चौधरी, बाबु : आमोद प्रसाद चौधरी, बाजे : भागवत चौधरी
ठेगाना : मोरङ्ग जिल्ला, कटहरी–६, हाल का.जि., का.म.न.पा.–१० संखमुल
(ग) आमोद प्रसाद चौधरी, बाबु : भागवत चौधरी, बाजे : धियालाल चौधरी
ठेगाना : मोरङ्ग जिल्ला, कटहरी–६, विराटनगर
(घ) राजेन्द्र चौधरी, बाबु : भागवत चौधरी, बाजे : धियालाल चौधरी
ठेगाना : मोरङ्ग जिल्ला, कटहरी–६, विराटनगर
(ङ) उमावती चौधरी, बाबु : भीम प्रसाद चौधरी, ससुरा : धियालाल चौधरी, पति : आमोद प्रसाद चौधरी
ठेगाना : झापा जिल्ला, खजुरगाछि –५, हाल मोरङ्ग जिल्ला, कटहरी–६, विराटनगर
(च) कल्सरिया राजवंशी, बाबु : रुपलाल गच्छधर, पति : भागवत चौधरी
ठेगाना : मोरङ्ग जिल्ला, कटहरी–६, विराटनगर

संस्थागत जमानी :
वेलवे इन्टरप्राइजेज प्रा.लि. (संचालक : अभिषेक चौधरी)
दर्ता नं. : २०८४९१/०७५/७६, दर्ता मिति : २०७५/१०/२७
पान नं. ६०६६५८३९९
कर्जा शिर्षक : विजनेश ओभरड्राफ्ट लोन

धितो सुरक्षणको विवरण :
क) श्री धियालाल चौधरीको नाती, श्री भागवत चौधरीको छोरा, श्री अभिषेक चौधरीको बाबु, मोरङ्ग जिल्ला, कटहरी–६, विराटनगर बस्ने श्री आमोद प्रसाद चौधरीको नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेका मोरङ्ग जिल्ला, कटहरी-६, स्थित, सिट नं. १७८०७४६ कि.नं. ४०, ४१ र ५० क्षेत्रफल : ६९०, १५१५ र ३७१५ व.मी जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

ख) श्री धियालाल चौधरीको नाती, श्री भागवत चौधरीको छोरा, श्री अभिषेक चौधरीको बाबु, मोरङ्ग जिल्ला, कटहरी–६, विराटनगर बस्ने श्री आमोद प्रसाद चौधरीको नाममा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कटहरी-५, स्थित, सिट नं. १७८०७४६ कि.नं. १२७, क्षेत्रफल : ७०९० व.मी जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत ।

ग) श्री रुपलाल गच्छदारको छोरी, श्री भागवत चौधरीको पत्नी, मोरङ्ग जिल्ला, कटहरी–६, विराटनगर बस्ने श्री कल्शरिया राजवंशीको नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेका मोरङ्ग जिल्ला, कटहरी-६, स्थित, सिट नं. १७८०७४६ कि.नं. ३४३ क्षेत्रफल : ३५७०.२० व.मी. जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत ।

बर्दिबास शाखा :

१) ऋणी : रीता कुमारी, (ना.प्र.नं. ३३८१२८९१, जारी स्थान/मिति : महोत्तरी, २०५९/०७/१३)
बाबु : विक्रम कुमर दनुवार, पति : रमेश कुमार सिंह, ससुरा : राजेश्वर सिंह दनुवार
ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना गा.वि.स. वडा नं. ०७, हाल जिल्ला महोत्तरी, भंगाहा न.पा. वडा नं. ०७

व्यक्तिगत जमानीकर्ताहरु :
क) रीता कुमारी, बाबु : विक्रम कुमर दनुवार, पति : रमेश कुमार सिंह, ससुरा : राजेश्वर सिंह दनुवार
ख) रमेश कुमार सिंह, बाबु : राजेश्वर सिंह दनुवार, बाजे : बालगोविन सिंह
ग) दिपेन्द्र प्रसाद चौधरी, बाबु : राम पदार्थ चौधरी, बाजे : कृती चौधरी
ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना गा.वि.स. वडा नं. ०७, हाल जिल्ला महोत्तरी, भंगाहा न.पा. वडा नं. ०७

कर्जा शिर्षक : महालक्ष्मी होम इक्युटी कर्जा

धितो सुरक्षणको विवरण : श्री राजेश्वर सिंह दनुवारको बुहारी, श्री विक्रम कुमर दनुवारको छोरी, श्री रमेश कुमार सिंहको पत्नि, महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना गा.वि.स. वडा नं. ०७ मा स्थाई ठेगाना भई हाल भंगाहा न.पा. वडा नं. ०७ बस्ने श्री रिता कुमारीको नाममा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, मेगनाथ गोरहन्ना गा.वि.स.–७/क स्थित कित्ता नं. ८१२ को क्षेत्रफल ०-१-० (विगाहा-कट्ठा-धुर) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत ।

२) ऋणी : रामपरी हार्डवेयर (प्रो. लक्ष्मी साह, ना.प्र.प.नं. : १७३०९९/३२९, जारी मिति/जिल्ला : २०६३/११/१७, धनुषा)
दर्ता नं. १२४७२/११८३/२०७५/०७६, दर्ता मिति : २०७५/०९/१९
पान नं. : ६०९००३८७९
ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ०४

व्यक्तिगत जमानीकर्ताहरु :
क) लक्ष्मी साह, बाबु : सोलिन्द्र साह, बाजे : महादेव साह
ठेगाना : धनुषा जिल्ला, पुष्पवलपुर गा.वि.स. वडा नं. ०६
ख) करीना कुमारी साह, बाबु : शम्भु साह, ससुरा : सोलिन्द्र साह, पति : लक्ष्मी साह
ठेगाना : धनुषा जिल्ला, जनकपुरधाम वडा नं. १३

संस्थागत जमानीकर्ताहरु :
रामपरी हार्डवेयर (प्रो. लक्ष्मी साह)
दर्ता नं. १२४७२/११८३/२०७५/०७६, दर्ता मिति : २०७५/०९/१९
पान नं. : ६०९००३८७९
कर्जा शिर्षक : महालक्ष्मी व्यावसायिक ओभरड्राफ्ट कर्जा

धितो सुरक्षण विवरण : श्री महादेव साहको नाति, श्री सोलिन्द्र साहको छोरा, धनुषा जिल्ला, पुष्पवलपुर गा.वि.स. वडा नं. ०६ मा स्थाई ठेगाना भई हाल मिथिला न.पा. वडा नं. ०४ बस्ने श्री लक्ष्मी साहको नाममा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, पुष्पवलपुर गा.वि.स. ५, ५, ५, ९/ख, ७ र ७ स्थित कित्ता नं. ३७८, ३८८, २०१, ९६, २९८ र २९६ को क्षेत्रफल ०-०-३-४, ०-०-६-१२, ०-०-५-०, ०-५-०-०, ०-१३-०-० र ०-२-०-० (विगाहा कट्ठा-धुर) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत ।

३) ऋणी : चौधरी पोल्ट्री तथा माछा फर्म (प्रो. दिपेन्द्र प्रसाद चौधरी, ना.प्र.नं. १८३३८१३५७९, जारी मिति/स्थान : २०५३/४/२४ महोत्तरी)
फर्म दर्ता.नं. ४२१९/५/०७३/७४, दर्ता मिति : २०७६/१२/०६
पान नं. : ६०५५४३०९६
ठेगाना : महोत्तरी जिल्ला, मे. गोरहन्ना गा.वि.स. वडा नं. ०७, हाल जिल्ला महोत्तरी, भंगाहा न.पा. वडा नं. ०७

४) ऋणी : श्री दिपेन्द्र प्रसाद चौधरी (ना.प्र.नं. १८३३८१३५७९, जारी स्थान/मिति : महोत्तरी, २०५३/०४/२४)
बाबु : राम पदार्थ चौधरी, बाजे : कृर्ती चौधरी
ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना गा.वि.स. वडा नं. ०७, हाल जिल्ला महोत्तरी, भंगाहा न.पा. वडा नं. ०७

व्यक्तिगत जमानीकर्ताहरु :
क) दिपेन्द्र प्रसाद चौधरी, बाबु : राम पदार्थ चौधरी, बाजे : कृर्ती चौधरी
ख) जितेन्द्र प्रसाद चौधरी, बाबु : राम पदार्थ चौधरी, बाजे : कृर्ती चौधरी
ग) राम पदार्थ चौधरी थारु, बाबु : कृर्ती चौधरी, बाजे : देशाराम चौधरी
घ) रिना कुमारी, ससुरा : राम पदार्थ चौधरी, बुवा : दिपलाल सिंह, पति : जितेन्द्र प्रसाद चौधरी
ङ) दुर्गा कुमारी देवी, ससुरा : राम पदार्थ चौधरी, बुवा : दिपलाल सिंह, पति : दिपेन्द्र प्रसाद चौधरी
ठेगाना : महोत्तरी जिल्ला, मे. गोरहन्ना गा.वि.स. वडा नं. ०७, हाल जिल्ला महोत्तरी, भंगाहा न.पा. वडा नं. ०७

संस्थागत जमानीकर्ता :
चौधरी पोल्ट्री तथा माछा फर्म (प्रो. दिपेन्द्र प्रसाद चौधरी)
फर्म दर्ता नं. ४२१९/५/०७३/७४, दर्ता मिति : २०७६/१२/०६
पान नं. ६०५५४३०९६
कर्जा शिर्षक : कृषि कर्जा ओडि र महालक्ष्मी होम इक्युटी कर्जा

धितो सुरक्षणको विवरण :
(क) श्री कृर्ति चौधरीको नाति, श्री राम पदार्थ चौधरी थारुको छोरा, महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना गा.वि.स. वडा नं. ०७ मा स्थाई ठेगाना भई हाल भंगाहा न.पा. वडा नं. ०७ बस्ने श्री जितेन्द्र प्रसाद चौधरीको नाममा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, हातिसर्वा गा.वि.स.–३/क स्थित कित्ता नं. ३८२ को क्षेत्रफल ०-१०-१० (विगाहा-कट्ठा-धुर) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत ।

(ख) श्री कृर्ति चौधरीको नाति, श्री राम पदार्थ चौधरी थारुको छोरा, महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना गा.वि.स. वडा नं. ०७ मा स्थाई ठेगाना भई हाल भंगाहा न.पा. वडा नं. ०७ बस्ने श्री दिपेन्द्र प्रसाद चौधरीको नाममा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, मेगनाथ गोरहन्ना गा.वि.स.–७/ख स्थित कित्ता नं. १०४ को क्षेत्रफल ०-१३-० (विगाहा-कट्ठा-धुर) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत ।

बाँसगढी शाखा :

१) ऋणी : राजेन्द्र अधिकारी (ना.प्र.नं. २६०८७, जारी मिति/स्थान : २०६२/३/१९, बर्दीया)
बाबु : धन प्रसाद अधिकारी, बाजे : तारा पती अधिकारी
ठेगाना : मोतीपुर –०८, बर्दीया, हाल : बाँसगढी न.पा. ०५, बर्दीया

व्यक्तिगक्त जमानीकर्ताहरु :
(क) धन प्रसाद अधिकारी, बाबु : तारा पती अधिकारी, बाजे : छविलाल अधिकारी
ठेगाना : पाखापानी गा.वि.स.-०२, पर्वत, हाल : बाँसगढी न.पा. ०५, बर्दीया
(ख) गिता वि सी (अधिकारी), बाबु : गोकर्ण वि.सी, ससुरा : धन प्रसाद अधिकारी, पति : राजेन्द्र अधिकारी
ठेगाना : मोतीपुर –०८, बर्दीया, हाल : बाँसगढी न.पा. ०५, बर्दीया
(ग) राजेन्द्र अधिकारी, बाबु : धन प्रसाद अधिकारी, बाजे : तारा पती अधिकारी
ठेगाना : मोतीपुर –०८, बर्दीया, हाल : बाँसगढी न.पा. ०५, बर्दीया

कर्जा शिर्षक : व्यक्तिगत कर्जा ओ.डि र व्यक्तिगत कर्जा (टर्म)

धितो सुरक्षणको विवरण : श्री छविलालको नाती, तारापती अधिकारीको छोरा, पर्वत जिल्ला, पाखापानी गा.वि.स.-०२, हाल बाँसगढी न.पा.–०५, बर्दिया बस्ने श्री धन प्रसाद अधिकारीको नाममा मालपोत कार्यालय गुलरिया बर्दियामा दर्ता रहेको बर्दिया जिल्ला, मोतीपुर गा.वि.स. वडा नं. ८ स्थित कि.नं. १८६५ को क्षेत्रफल ०-२-०-० को जग्गा तथा साको सम्पुर्ण लिगलगापात समेत ।

२) ऋणी : प्रकाश अधिकारी (ना.प्र.नं. ६५१०१३/१८५८, जारी मिति/स्थान : २०६८/०९/२१, बर्दीया)
बाबु : धन प्रसाद अधिकारी, बाजे : तारा पती अधिकारी
ठेगाना : मोतीपुर –०८, बर्दीया, हाल : बाँसगढी न.पा. ०५, बर्दीया

व्यक्तिगक्त जमानीकर्ताहरु :
(क) धन प्रसाद अधिकारी, बाबु : तारा पती अधिकारी, बाजे : छविलाल अधिकारी
ठेगाना : पाखापानी गा.वि.स.-०२, पर्वत, हाल : बाँसगढी न.पा. ०५, बर्दीया
(ख) प्रकाश अधिकारी, बाबु : धन प्रसाद अधिकारी, बाजे : तारा पती अधिकारी
ठेगाना : मोतीपुर –०८, बर्दीया, हाल : बाँसगढी न.पा. ०५, बर्दीया
(ग) राजेन्द्र अधिकारी, बाबु : धन प्रसाद अधिकारी, बाजे : तारा पती अधिकारी
ठेगाना : मोतीपुर –०८, बर्दीया, हाल : बाँसगढी न.पा. ०५, बर्दीया

कर्जा शिर्षक : हायर पर्चेज कर्जा (टर्म)

धितो सुरक्षणको विवरण :
(क) श्री छविलालको नाती, तारापती अधिकारीको छोरा, पर्वत जिल्ला, पाखापानी गा.वि.स.-०२, हाल बाँसगढी न.पा.–०५, बर्दिया बस्ने श्री धन प्रसाद अधिकारीको नाममा मालपोत कार्यालय गुलरिया बर्दियामा दर्ता रहेको बर्दिया जिल्ला, मोतीपुर गा.वि.स. वडा नं. ८ स्थित कि.नं. १८६५ को क्षेत्रफल ०-२-०-० को जग्गा तथा साको सम्पुर्ण लिगलगापात समेत ।

ख) श्री प्रकाश अधिकारीलाई ऋणी कायम गरी भेरी अञ्चल यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेमा यस महालक्ष्मी विकास बैंक लि.को नाममा दर्ता कायम रहेको कम्पनीः टाटा मोटर्स भारत, मोडल ACE MAGIC, सवारी दर्ता नं. भे. १ ज १२५४, इन्जिन नम्बर 275IDI06PPYSH3021, च्यासिस नम्बर MAT445501KVR72238 भएको सवारी १ थान ।

डडेल्धुरा शाखा :

१) ऋणी : महानी टमटा, (ना.प्र.नं. ७४५०७/४६२८, जारी स्थान/मिति : डडेल्धुरा, २०४६/०३/३०)
बाबु : ठगी टमटा, बाजे : प्रताप टमटा
ठेगाना : डडेल्धुरा जिल्ला, खलंगा गा.वि.स. वडा नं. ५, हाल : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ५

२) ऋणी : टि.एम.एस. वर्कसप तथा स्पेयर पार्ट्स सेल्स एण्ड सर्भिस (प्रो. मनोज ताम्राकार, ना.प्र.नं. ७४-०१-७६-०१९१७, जारी स्थान/मिति : डडेल्धुरा, २०७६/०८/०५)
प्रा.फ.द.नं. ९४४/३३३७/२०७७/०७८, दर्ता मिति : २०७८/०२/०९
पान नं. : ६१५९५९८१२
ठेगाना : डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५

३) ऋणी : अनुग्र पोल्ट्री तथा कृषि फर्म (प्रो. महानी टमटा, ना.प्र.नं. ७४५०७/४६२८,जारी स्थान/मिति : डडेल्धुरा, २०४६/३/३०)
प्रा.फ.द.नं. ८४/११९४/०७४/०७५, दर्ता मिति : २०७७/११/४
पान नं. : ६१५३१६९८७
ठेगाना : डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५

व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) मनोज ताम्राकार, बाबु : महानी टमटा, बाजे : ठगी टमटा
ठेगाना : डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५
(ख) महानी टमटा, बाबु : ठगी टमटा, बाजे : प्रताप टमटा
ठेगाना : डडेल्धुरा जिल्ला, खलंगा गा.वि.स. वडा नं. ५, हाल : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ५
(ग) पार्वती देवी टमटा, बाबु : बाजी टमटा, ससुरा : ठगी टमटा, पति : महानी टमटा
ठेगाना : डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५
(घ) त्रिलोक्य ताम्राकार, बाबु : महानी टमटा, बाजे : ठगी टमटा
ठेगाना : डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५
(ङ) शुसिल ताम्राकार, बाबु : महानी टमटा, बाजे : ठगी टमटा
ठेगाना : डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५

कर्जा शिर्षक : सजिलो कर्जा (टर्म), महालक्ष्मी उद्यमशिल कर्जा (टर्म) र कृषि कर्जा (टर्म)

धितो सुरक्षणको विवरण : श्री प्रताप टमटाको नाती, श्री ठगी टमटाको छोरा, डडेल्धुरा जिल्ला, खलंगा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ बस्ने श्री महानी टमटाको नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता श्रेष्ठा कायम रहेको डडेल्धुरा जिल्

तस्वीर : रासस

रसुवागढी हाइड्रोपावरले टिमुरेको तातोपानीस्थित भोटेकोशीमा निर्माण गरेको मोटरेबल बेलीब्रिज । उक्त बेलीब्रिज निर्माणसँगै आवतजावतमा सहज भएको छ ।

विद्यार्थीलाई महालक्ष्मी विकास बैंकको छात्रवृत्ति

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंकले कर्णाली प्रदेशअन्तर्गत १० जिल्लाका सरकारी विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) उत्तीर्ण गरी काठमाडौं उपत्यकामा कक्षा ११-१२ (प्लस टु) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सिटिईभिटी)अन्तर्गत डिप्लोमा अध्ययन गर्न चाहने तर घरको आर्थिक अवस्था नाजुक भएका गरीब तथा जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ ।

कर्णाली प्रदेश पर्यटकीय तथा सांस्कृतिक संरक्षण केन्द्र कालिकोटसँगको समन्वयमा बैंकको केन्द्रीय कार्यालयमा मंगलवार आयोजित एक कार्यक्रमबीच छात्रवृत्ति रकम प्रदान गरिएको हो । यस किसिमको कार्यबाट पैसाको अभावबाट कुनै पनि विद्यार्थीको उच्च शिक्षा हासिल गर्ने चाहनामा गतिशीलता प्रदान गर्न केही हदसम्म भए पनि सहयोग पुग्ने विश्वास बैंकको छ ।

बैंकले हालै अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ सुविधा उपलब्ध गराउने बैंकको नीति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै 'महालक्ष्मी स्मार्ट साथी' सञ्चालनमा ल्याएको छ ।

'शाखा प्रबन्धक पक्राउ एवं कर्जा असुलीमा अनियमितता' भ्रामक समाचार : सिद्धार्थ बैंक

काठमाडौं (अस) । सिद्धार्थ बैंकको जनकपुर शाखाका प्रबन्धक अर्णबहादुर बलम्पाकी कर्जा असुली प्रक्रियामा अनियमितता गरी पक्राउ परेको भन्ने विभिन्न सञ्चारमाध्यममा प्रकाशित/प्रसारित समाचारप्रति बैंकले ध्यानाकर्षण भएको बताएको छ ।

समाचारबाट बैंकका ग्राहक, सरोकारवाला एवं सर्वसाधारणमा भ्रम सृजना भएको भन्दै बैंकले सत्यतथ्य नबुझी समाचार बाहिर ल्याइएको विज्ञप्तिमार्फत जानकारी दिएको छ । 'यस बैंकको श्रृङ्गेश्वर शाखा कार्यालय तथा जनकपुर शाखा कार्यालयबाट कर्जा उपभोग गरेका ऋणीले बैंकलाई भुक्तानी गर्नुपर्ने सावाँ एवं ब्याज निर्धारित भाखा नाघेको लामो समयसम्म पनि चुक्ता भुक्तान नगरेपछि विभिन्न प्रक्रिया पूरा गरी धितो लिलामीका लागि रीतपूर्वक प्राप्त बोलपत्रमध्येबाट आवश्यक प्रक्रिया पूरा गरी स्वीकृत बोलपत्रदाताको नाममा दा.खा. नामसारी गरेको बेहोरा जानकारी गराउँछौं,' विज्ञप्तिमा भनिएको छ ।

बैंकले विद्यमान कानूनी प्रक्रिया एवं प्रचलित बैंकिङ अभ्यासको पद्धति अवलम्बन गरी सम्पन्न गरेको धितो लिलामी प्रक्रियामा असहमति जनाई ऋणी/धितो जमानतदाता समेतको संलग्नतामा आन्दोलन गरी बैंक सञ्चालनमा व्यवधान उत्पन्न गराइएको बैंकको भनाइ छ ।

'बैंक स्थानीय सुरक्षा निकायसँगको समन्वयमा छलफल/वार्ताका लागि प्रहरी कार्यालयमा जाँदा केही व्यक्तिले भिडियो खिचेर सोही आधारमा बैंकका शाखा प्रबन्धक पक्राउ भनी भ्रामक समाचार प्रसारण/प्रकाशन गराएको जानकारी गराउँछौं,' विज्ञप्तिमा भनिएको छ । प्रचलित कानूनी प्रक्रिया अवलम्बन गरेर बैंकले धितो लिलामीको प्रक्रिया सम्पन्न गरेको बैंकले जानकारी दिएको छ । यस सम्बन्धमा प्रकाशित/प्रसारित समाचारमा सत्यता नरहेको बैंकले बताएको छ ।

निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै ग्लोबल आइएमई बैंक

काठमाडौं (अस) । ग्लोबल आइएमई बैंक लिमिटेडले १८औं वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत 'मेरी उनीलाई स्वस्थ नारी पहल अभियान' सञ्चालन गरेको छ ।

उक्त अभियानअन्तर्गत बैंकले नेपाल परिवार नियोजन संघसँगको सहकार्यमा सातओटै प्रदेशमा एकदिने निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गर्ने बताइएको छ । शिविरमा स्त्रीरोग विज्ञले स्त्रीरोगसम्बन्धी विभिन्न सेवा, महिलाको स्वास्थ्य परीक्षण, पाठेघरको क्यान्सर (भीआईए) परीक्षण, गर्भाशय प्रोल्याप्स केसको उपचार, औषधि वितरण लगायत सेवा निःशुल्क रूपमा उपलब्ध हुने बताइएको छ । प्रत्येक शिविरबाट पाठेघरको क्यान्सरको प्रारम्भिक लक्षण पत्ता लागेका र पाठेघरको क्यान्सरको गम्भीर बिरामी पहिचान गरिने बताइएको छ, जसलाई 'स्वस्थ नारी पहल' कार्यक्रमको दोस्रो चरणमा शल्यक्रिया गरी उपचार गरिने बताइएको छ ।

बैंकले सबै प्रदेशमा पुस महीनाभित्र उक्त शिविर सञ्चालन गर्ने बताइएको छ । स्वास्थ्य शिविर ग्रामीण तथा अर्ध शहरी क्षेत्रका स्वास्थ्य सेवाको पहुँच नभएका महिलाका निम्ति प्रभावकारी हुने र उनीहरूमा सकारात्मक प्रभाव पर्ने विश्वास बैंकको छ । बैंकले स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न समयमा यस्ता स्वास्थ्य शिविरको आयोजना गरी ग्रामीण भेगका महिला तथा आम नागरिकलाई प्रत्यक्ष रूपमा लाभान्वित गर्दै आएको बताइएको छ ।

नबिल बैंकका ग्राहकलाई भिभान्ता होटलमा छूट

काठमाडौं (अस) । नबिल बैंक लिमिटेडका ग्राहकले भिभान्ता होटलमा उपलब्ध हुने सेवा सुविधामा विशेष छूट पाउने भएका छन् । बैंक र होटलबीच भएको दुई पक्षीय समझदारीअनुसार यस्तो व्यवस्था गरिएको हो । छूटसम्बन्धी सम्झौतापत्रमा बैंकका फुलचोकी क्लस्टर विभाग प्रमुख अमर्त्य ओजश्वी उपाध्याय र होटलका महाप्रबन्धक रवि निश्चलले हस्ताक्षर गरेका छन् । समझदारीअनुसार बैंकका ग्राहकले नबिलको डेबिट कार्ड, क्रेडिट कार्ड, एनबैंक, एटिएम कार्ड तथा बैंकबाट पैसा ट्रान्सफर गर्दा १० प्रतिशतसम्म छूट दिइने भएको छ । यस्तो छूट खाना, पेय पदार्थ तथा स्पा सेवामा हुने समझदारीमा उल्लेख गरिएको छ ।

नबिल बैंक नेपालको एक अग्रणी वाणिज्य बैंक हो भने भिभान्ता होटल आतिथ्य सेवा (हस्पिटालिटी) उद्योगमा विशिष्ट सेवा दिने परिचित संस्था भएको बताइएको छ । होटलसँगको समझदारीले बैंकका ग्राहकले लिने सेवा तथा सुविधामा विशेष सहुलियत पुग्ने बैंकको विश्वास छ । ग्राहकको हितलाई केन्द्रमा राखेर यो समझदारी गरिएको बैंकको भनाइ छ ।

इन्स्योरेन्स इन्स्टिच्युट अफ नेपाल लि.

नारायणचौर नक्साल, काठमाण्डौ, प्रमियर भवन पाँचौ तल्ला
फोनः ०१-४५१९७२२, इमेल : info@iin.org.np

छैठौं बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/१७

आदरणीय, शेयरधनी महानुभाबहरु

यस इन्स्टिच्युटको मिति २०८१/०९/०६ गते बसेको संचालक समितिको **६१औं** बैठकको निर्णयानुसार कम्पनीको छैठौं बार्षिक साधारण सभा निम्न स्थान, मिति र समयमा निम्न लिखित बिषयहरु उपर छलफल गर्न बस्ने भएको हुँदा आदरणीय शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यसै सूचना द्वारा अनुरोध गर्दछौं ।

छैठौं साधारण सभा हुने स्थान मिति र समय :

स्थानः होटल क्राउन इम्पेरियल (Hotel Crowne Imperial) रबि भवन, कालिमाटी, काठमाण्डौ ।

मितिः २०८१/९/२८ गते आइतबार

समयः दिनको ४:३० बजे

छलफलका बिषयहरु

क) सामान्य प्रस्ताब :

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आ.व २०८०/८१ को बार्षिक प्रतिबेदन पेश गर्ने ।

२) लेखापरिक्षकको प्रतिबेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त भएको आ.व. ०८०/८१ को आय व्यय हिसाब, नाफा/नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सहित अध्यक्षज्यूको प्रतिबेदन स्वीकृत गर्ने सम्बन्धमा ।

३) लेखा परिक्षण उप-समितिको सिफारिस बमोजिम आ.व २०८१/८२ को लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल नियुक्त लेखा परिक्षक Shrestha & Neupane Associates पुनः नियुक्ति हुन सक्ने)

ख) बिबिध :

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

(कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित (शेयरमा सिमित दायित्व भएको)

NEPALLiFE CAPITAL LIMITED

A SUBSIDIARY OF NEPAL LIFE INSURANCE COMPANY LTD.

कारोबार कार्यालयः कमलपोखरी (सिटी सेन्टर), काठमाण्डौ, फोनः ०१-४५३०७४६
इमेलः info@nepallifecapital.com, वेभसाइटः www.nepallifecapital.com.np

११औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०८१/०९/१७ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

नेपाल लाइफ क्यापिटल लिमिटेडको मिति २०८१ साल मंसिर ६ गते बिहिबार बसेको संचालक समितिको १०७ औं बैठकको निर्णय अनुसार कम्पनीको एघारौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुका सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा हुने मिति, स्थान र समय :

मिति : २०८१ पौष १९ गते (तदनुसार, ३ जनवरी २०२५) शुक्रबार ।
स्थान : अल्फा हाउस बैंक्वेट, नयाँ बानेश्वर, काठमाडौं ।
समय : दिउँसो ३:३० बजे ।

छलफलका विषयहरू :

(क) साधारण प्रस्तावहरु :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/८१ को संचालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब, र सोही अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूची उपर छलफल गरी स्वीकृत गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (यु.आर. पि. एन्ड एसोसियट्स पुनः नियुक्तिको लागि योग्य रहेको) ।

४. संचालकहरुको निर्वाचन सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु :

१. कम्पनीको नियमावलीमा गरिने संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम नियमावलीमा संशोधन एवम् परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य थप जानकारीका लागि:

कम्पनीको वेबसाइट www.nepallifecapital.com.np वा रजिष्टर्ड कार्यालय कमलपोखरी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।

इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.

Infinity Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), फोन नं.: ०७८-५०३३०१, इमेलः info@infinitylbsl.com.np

आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८१/०९/१७ गते बुधबार)

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१/०९/०७ गते बसेको १११ औं बैठकको निर्णयानुसार संस्थाको आठौं वार्षिक साधारण सभाको निम्न विषयहरु उपर छलफल गर्न देहायको मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ उपदफा (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागी यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, स्थान र समय

मिति : २०८१ पुस २९ गते सोमबार (तदनुसार १३ जनवरी २०२५)
स्थान : सहमति (संस्था), बिजय चोक, गैंडाकोट, नबलपरासी (बर्दघाट सुस्ता पूर्व)
समय : बिहान ९:०० बजे देखि

छलफलका लागि प्रस्तावित विषयहरु

क) साधारण प्रस्तावहरु:

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखा परीक्षकको प्रतिवेदनसहितको २०८१ आषाढ मसान्तसम्मको वासलात र आ.व.२०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह सहितको (अनुसूचिहरु समेत) लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरिक्षण कार्य गर्नको लेखापरीक्षण समितिको सिफारिश बमोजिम बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख) विशेष प्रस्तावहरु:

१) वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने सो को आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा मर्जर र एक्विजिसन सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

२) वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीका दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनहरूमा नियमनकारी निकायहरूले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

ग) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य थप जानकारी

१. आठौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/१९ गते शुक्रबार १ दिनका लागि वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१८ गते विहीवारसम्म कारोवार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन, मतदान गर्न पाउने छन् ।

२. शेयरधनी महानुभावहरुको जानकारीको लागि सञ्चालक समितिको प्रतिवेदन लगायत वार्षिक साधारण सभाको सूचना, आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन, प्रोक्सी सम्बन्धी सम्पूर्ण विवरण वित्तीय संस्थाको वेभसाइट www.infinitylbsl.com.np मार्फत प्राप्त गर्न तथा हेर्न सकिनेछ वा प्रविधी प्रयोग गरी शेयरधनीहरुले उपलब्ध गराएको ईमेल मार्फत डिजिटल प्रतिवेदन पठाइनेछ । कुनै कारणवश उपरोक्त सूचना पाउन असमर्थ भएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट प्राप्त गर्न सक्नु हुनेछ ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर, प्रवेश पत्र वा आफ्नो परिचय खुल्ने फोटो सहितको कुनै प्रमाणपत्र लिई आउनु हुन अनुरोध छ । शेयरधनी महानुभावहरुको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान ८:०० बजेबाट सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

४. सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात २०८१ पौष २७ गते बिहान १०:०० बजेभित्र कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि नियुक्ति गरी सकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधि भित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ । प्रतिनिधि नियुक्त गरिने व्यक्ति पनि यस संस्थाको शेयरधनी हुन पर्नेछ । संगठित संस्थाको हकमा उक्त व्यवस्था लागू हुने छैन ।

५. कुनै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यसपछि आउने प्रोक्सी स्वतः बदर वा अमान्य हुनेछ ।

६. नाबालक अशक्त तथा विक्षिप्त शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता रहेका व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछ । संयुक्त शेयर धारण गरेको भएमा दर्ता किताबमा उल्लेखित क्रमअनुरुप हुनेछ ।

७. साधारण सभामा शेयरधनीहरुबाट व्यक्त गरिएका जिज्ञाशा, प्रश्न वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रुपमा उत्तर दिन सक्नेछन् ।

८. छलफलको विषय अन्तरगत विविध शिर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहेमा सो विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी पठाउनु हुन अनुरोध छ । तर सो जिज्ञाशालाई छलफलबाट पारित हुने प्रस्तावको रुपमा समावेश गर्न बाध्य हुने छैन ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा झन्झटीला सामानहरु नलिई आउनहुन अनुरोध छ । आवश्यकता अनुसार सभा कक्षमा प्रवेश गर्दा सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरी दिनहुन अनुरोध छ ।

१०. साधारण सभा सम्बन्धी थप जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा सम्पर्क राख्न हुन अनुरोध छ ।

पुनश्चः यस साधारण सभाको सूचना प्रथम पटक मिति २०८१/०९/८ गते सोमबारको अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिसकिएको समेत जानकारी गर्दछौं ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

तपसिलमा उल्लेखित ऋणीलाई कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५(पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशीत मिति : २०८१/०९/१७

यस फाइनान्सको प्रधान कार्यालय भाटभटेनी काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत कर्जा रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित कानून बमोजिम कर्जा असुल्ने क्रममा धितो स्वरुप यस फाइनान्सको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारि साधन तथा फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचबिखन गरी कर्जा रकम असुल उपर गरिलिनेछ । सोबाट समेत असुल उपर हुनुपर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानुन अनुसार तपाँइ ऋणीको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ । साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

१.ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/१/२७ मा दर्ता.नं.१८९११४/७४/०७५ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, टंगाल काठमाण्डौबाट स्थायी लेखा नं. ६०६७१४८७७ को प्रमाणपत्र प्राप्त सिवानी ग्रुप अफ कम्पनीज प्रा.लि. ।
संचालक : निश्चल खड्का/गंगा कुमारी गुरुङ
ठेगाना : का म.न.पा. वडा नं. ४, धुम्बाराही ।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

नाम : निश्चल खड्का बाबु : तोयानाथ खड्का बाजे : नन्दलाल खड्का ना.प्र.न. : २७-०१-७२-०१७७२, जि.प्र.का : काठमाण्डौ । मिति : २०७२/०३/०६, स्थायी ठेगाना : का.म.न.पा वडा न.-०५, काठमाण्डौ हाल : धापासी वडा नं. २, काठमाण्डौ ।	नाम : गंगा कुमारी गुरुङ्ग बाबु : मेहर सिंह गुरुङ्ग पतिः दिल बहादुर गुरुङ्ग ससुरा : पुर्ण बहादुर गुरुङ्ग ना.प्र.न. : १००३/४०४११, जि.प्र.का : काठमाण्डौ । मिति २०४०/०७/२३ स्थायी ठेगाना : का.म.न.पा वडा न.-२६, काठमाण्डौ हाल : धापासी वडा नं. २, काठमाण्डौ ।
नाम : दिल वहादुर गुरुङ्ग बाबु : पुर्ण बहादुर गुरुङ्ग बाजे : सम्सेर गुरुङ्ग ना.प्र.न. : १४८४/२२५७/१७९ जि.प्र.का : काठमाण्डौ । मिति : २०४३/०१/०२, स्थायी ठेगाना : बन्दीपुर वडा न.-०७, तनहुँ । हाल : धापासी वडा नं. २, काठमाण्डौ ।	नाम : सुरेन्द्र गुरुङ्ग बाबु : दिल बहादुर गुरुङ्ग बाजे : पुर्ण बहादुर गुरुङ्ग ना.प्र.न. : ४२०५४, जि.प्र.का : तनहुँ । मिति २०५७/०१/२१ स्थायी ठेगाना : बन्दीपुर वडा न.-०७, तनहुँ । हाल : धापासी वडा नं. २, काठमाण्डौ ।

धितो सुरक्षण को बिवरण :

१.मालपोत कार्यालय रुपन्देहीमा सिवानी ग्रुप अफ कम्पनीज प्रा.लि को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला आ.अमवा गा.वि.स. वडा नं. ३/ग, स्थित कित्ता नं. २७५ र ४१६, को क्षेत्रफल ०-०-११-० र ०-२-०-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।

२.मालपोत कार्यालय बुटवल रुपन्देहीमा सिवानी ग्रुप अफ कम्पनीज प्रा.लि को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला आनन्दवन गा.वि.स. वडा नं. ८/ख, स्थित कित्ता नं. १६७८, को क्षेत्रफल ०-०-११-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।

३.मालपोत कार्यालय परासी नवलपरासी (बर्दघाट सुस्ता)मा सिवानी ग्रुप अफ कम्पनीज प्रा.लि को नाममा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता) जिल्ला माकर गा.वि.स. वडा नं. २/६, स्थित कित्ता नं. ४०८, को क्षेत्रफल ०-१-२-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।

४.धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी सिवानी ग्रुप अफ कम्पनीज प्रा.लि कायम रहेको यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको प्रदेश ३-०१-०२४ च-७६०७,
इन्जिन नं. : १५*CRATL0*१*SPYW*१९८८५, च्यासिस नं. *MAT*६२७१२१*KLJ*३६४०३ भएको १ थान ***TATA NEXON CAR.***

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं फोन नं. ४५२५२९२, Email: info@icfc.com.np
www.icfc.com.np

आर्थिक योजनामा एक पैसा बचत गर्नु भनेको अर्को पैसा खर्च गर्ने योजना बनाउनु हो ।
- **हेनरी फोर्ड**

सम्पादकीय

लसुन तस्करीको समस्या

नेपाल भारत व्यापार सन्धि र साउथ एशियन फ्री ट्रेड एरिया (साफ्टा)को प्रावधानअनुसार नेपाली कृषि उपज भारतमा शून्य भन्सारमा निर्यात गर्न पाइन्छ । तेस्रो मुलुकबाट आयात गरिएको यस्ता वस्तुमा ३० प्रतिशत मूल्य अभिवृद्धि गरी निर्यात गर्न सकिन्छ । यही प्रावधानअनुसार विगतमा नेपालबाट भारतमा पाम आयलको अत्यधिक निर्यात भएको थियो । तर, अहिले चीनबाट आयात गरिएको लसुन भारतमा तस्करी भएर गइरहेको भन्सार विभागको भनाइ छ । यसबाट व्यापारीले लाभ लिए पनि मुलुकको पहिलो व्यापारिक साझेदार मुलुकमा यसरी तेस्रो मुलुकको उत्पादन वैध आयात गरी अवैध निर्यात गर्नु विभिन्न दृष्टिकोणले गलत हो । यस्तो प्रवृत्तिलाई रोक्न वा निरुत्साहित गर्न नसकिए मुलुकको छविमा धब्बा लाग्ने मात्र होइन, द्विपक्षीय सम्बन्ध पनि प्रभावित हुन सक्छ ।

चालू आवको ५ महीनामै ५ अर्ब ३६ करोड रुपैयाँ बराबरको ४० हजार टन लसुन आयात भएको विभागको तथ्यांक छ । मूल्यको हिसाबले यो आयात अघिल्लो आवको सोही अवधिको तुलनामा ७९० प्रतिशतले धेरै हो । गत आवको सोही अवधिमा चीनबाट ६० करोड २१ लाख रुपैयाँको ४ हजार ६०० मेट्रिक टन लसुन आयात भएको थियो । तथ्यांकअनुसार नेपालमा करीब साढे ९ हजार हेक्टर जमीनमा लसुन खेती गरिन्छ । आव २०७९/८० मा नेपालमा ९ हजार ५७० हेक्टर जमीनमा ७३ हजार ५७६ मेट्रिक टन लसुन उत्पादन भएको मन्त्रालयको तथ्यांक छ ।

नेपालको उत्पादनले आन्तरिक माग करीब करीब धान्ने देखिन्छ । यद्यपि नेपाली लसुनको उत्पादन नहुने याममा चिनियाँ लसुन आयात हुने गरेको छ । त्यस्तै पोटिलो र छोडाउन सजिलो भएकाले चिनियाँ लसुनप्रति केही आकर्षण बढेको पाइन्छ । जेहोस्, नेपाल कृषि उत्पादनमा भारतसँग बढी निर्भर भइरहेका बेला चीनसँगको निर्भरता पनि बढ्दो छ जुन चिन्ताको विषय हो ।

खास चिन्ताचाहिँ अहिले चीनबाट वैध बाटोबाट लसुन आयात हुनु र अवैध बाटोबाट तस्करी भएर भारतमा पुग्नु हो । चीनबाट लसुन आयात गर्दा डलर खर्च गर्नुपर्छ भने भारतमा निर्यात हुँदा भारतीय मुद्रामा गर्नुपर्छ, त्यो पनि बैंकिङ प्रणालीबाहिरबाट । यसरी

आफ्नो मुलुकको आवश्यकताभन्दा अत्यधिक मात्रामा आयात गर्न दिँदा बैंकिङ प्रणालीको पैसा अनौपचारिक कारोबारतर्फ मोडिएकाले यो भारतको मात्र होइन, नेपालको पनि चिन्ताको विषय हो ।

औपचारिक अर्थतन्त्र अनौपचारिक बन्नु चिन्ताको विषय हो ।

अर्को, तस्करीबाट भारतमा लसुन जाँदा नेपालप्रति उसको अविश्वास बढ्न सक्छ । यद्यपि तस्करी रोक्ने काम उसकै हो । खुला सिमाना भएकाले भारतले चाहेर पनि तस्करी रोक्न सकेको छैन ।

भारतले सन् २०१४ देखि लसुन आयातमा प्रतिबन्ध लगाएको छ । तर, तस्करीको बाटोबाट भारतमा चिनियाँ लसुन गइरहेको छ । नेपालमा भन्दा चिनियाँ लसुन भारतमा दोब्बर बढी मूल्यमा बिक्री भइरहेको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

त्यति मात्र होइन, भारतीय सञ्चारमाध्यममा पटकपटक तस्करीको लसुन समातिएका समाचार पनि आएका छन् । त्यसैले नेपालको आवश्यकताभन्दा कयौं गुणा बढी लसुन आयात गर्न दिनु सरकारको कमजोरी देखिन्छ । अहिले चीनबाट आयात हुने प्रमुख पाँचसात वस्तुभित्र लसुन पर्न थालेको छ । आफ्नो मुलुकको आवश्यकताभन्दा अत्यधिक मात्रामा आयात गर्न दिँदा बैंकिङ प्रणालीको पैसा अनौपचारिक कारोबारतर्फ मोडिएकाले यो भारतको मात्र होइन, नेपालको पनि चिन्ताको विषय हो ।

केही महीनाभित्रै व्यापार, पारवहन तथा सहयोग सम्बन्धमा अन्तर सरकारी समितिको (आइजीसी) को बैठक बस्दै छ । यस्तो बैठकमा भारतले यसबारे प्रश्न उठाउने सम्भावना देखिन्छ । त्यसैले नेपालले भारतीय चासोलाई समेत ध्यानमा राखेर लसुनको अत्यधिक आयात गर्न रोक लगाउनु उपयुक्त हुन्छ । भन्सारररहित सुविधा नेपाली उत्पादनलाई दिएको हो, चिनियाँ वस्तुलाई होइन । भोलि यही बहानामा नेपाली वस्तुको आयातमा कडा गरेर ने पाललाई बेफाइदा हुन्छ भन्नेमा ध्यान जानु पर्छ ।

लसुनमात्र होइन, अन्य उत्पादन पनि नेपालबाट भारततिर तस्करी भइरहेको पाइन्छ । नेपालको आन्तरिक माग र उपभोगको स्तरभन्दा अत्यधिक बढी सामान आयात गर्न दिनुअघि सरकारी संयन्त्रले तथ्यांक केलाएर निर्णय लिनु आवश्यक छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

एप्पल-सामसुङ झगडाले 'विश्वशान्ति' खल्बलियो

अमेरिकी कम्पनी एप्पल इंक र कोरियाली कम्पनी सामसुङ इलेक्ट्रोनिक्सबीचको विवाद विश्व सूचनाप्रविधि क्षेत्रमा अहिलेसम्म देखिएको सबैभन्दा नराम्रो झगडा मानिन्छ । प्रविधिबजार कब्जा गर्ने होडबाजीमा लागेका यी प्रतिद्वन्द्वीबीच केही वर्षयता देखिएको विवादले शत्रुताकै रूप लिएको छ । यसैक्रममा सेप्टेम्बरमा सानफ्रान्सिस्को जिल्ला अदालतले सामसुङलाई पेटेण्ट अधिकार उल्लङ्घन गरेको आरोपमा एप्पललाई १ अर्ब ४ करोड क्षतिपूर्ति तिर्न आदेश दिएको थियो । तर, अहिले भने त्यस्तो फैसला सुनाउने त्यही अदालतकी न्यायाधीशले यी दुई कम्पनीबीचको टकरावले आफू दिक्क भएको भन्दै शान्ति कायम गर्न अपील गरेकी छन् ।

सामसुङले फैसलाको विरोध गर्दै दायर गरेको पुनरावेदनको पहिलो बहसमा बिहीवार न्यायाधीश लुसी कोहले दुवै झगडियालाई युद्धविराम गराउने उद्देश्यले यस्तो आग्रह गरिन् । 'मलाई लाग्छ, अब विश्वमा शान्ति कायम गर्ने समय आएको छ, एप्पल र सामसुङबीचका समस्या आपसी वार्ता र छलफलबाट भएमा त्यसले उपभोक्ता, प्रविधि उद्योग तथा बजार र अन्ततः ती कम्पनीहरूलाई नै फाइदा हुने देखिन्छ,' उनले भनिन् । आगामी दिनमा अदालत र आफूले यसका लागि नै पहल गर्ने उनको भनाइ थियो ।

न्यायाधीश कोहको यस्तो अपील सुनिसकेपछि सामसुङका वकिल

सहकारी अध्यादेश संकट समाधानमा कति सहयोगी ?

अध्यादेशमा रहेका केही सबल प्रावधान

जिल्ला अदालतसरहको अधिकार दिए पनि अध्यादेशमा प्राधिकरणमा रहेको अधिकार प्रदेश र स्थानीय तहबाट समेत कार्यान्वयन गर्न सक्ने प्रावधान राखिएकाले यो प्रावधानको कार्यान्वयनमा सावधानी नअपनाउने हो भने त्यसले अपेक्षित नतिजा नदिन सक्छ ।

- **प्रकाश भण्डारी**

अहिले सहकारीमा देखिएको संकटका बाछिटाहरू क्रमशः अन्य वित्तीय संस्थाहरूमा समेत पुग्न थालिसकेका छन् । यसैले सहकारीका यी देखिएका संकटलाई पार लगाउनुपर्ने गरी कानूनी एवं संरचनागत विकास गर्न यसै पनि ढिलो भइसकेको छ । यसै सन्दर्भमा सहकारीमा देखिएका संकट समाधानका लागि ब्रह्मास्त्रका रूपमा प्रतीक्षा गरिएको सहकारीसम्बन्धी ऐनलाई संसद् शुरू हुनुभन्दा केही दिनअघि नै अध्यादेशका रूपमा जारी गरेर त्यसको तत्काल आवश्यकतालाई सरकारले सम्बोधन गर्न खोजेजस्तो देखिए पनि वास्तवमा त्यो अध्यादेशले विद्यमान संकट समाधानमा उल्लेख्य भूमिका नखेल्ने भनी तत् क्षेत्रका कतिपय विज्ञले धारणा सार्वजनिक गरिरहेका छन् । खास गरी अध्यादेशले व्यवस्था गरेको सहकारी प्राधिकरणको सन्दर्भमा यस्ता कुरा सार्वजनिक भएका छन् । यसै पनि संसदीय विशेष छानबिन समितिले दिएको ३ महीनाभित्र यस्तो प्राधिकरणको स्थापना गरिसक्नुपर्ने निर्देशनलाई त अवज्ञा गरिएको छ नै त्यस माथि समितिको भावनाअनुरूपको सशक्त प्राधिकरण बनाउने कुरामा समेत अध्यादेश गम्भीर हुन नसकेको आलोचना पनि गरेका छन् ।

यिनै सन्दर्भमा यो सानो आलेखमा जारी गरिएको अध्यादेशका खास खास प्रावधानहरूका बारेमा चर्चा गर्दै ती प्रावधान विद्यमान संकट समाधानको दिशामा कत्तिको प्रभावकारी हुन सक्लान् भनी विवेचना गर्ने प्रयास गरिएको छ । अहिले थपिएका प्रावधानको प्रभावकारिताका बारेमा चर्चा गर्नुपहिले अहिले सहकारीमा विद्यमान संकट र तिनका कारणका बारेमा सरसर्ती दृष्टि दियो भने त्यसले विश्लेषणलाई थप सहज बनाउने भएकाले पहिले सहकारीमा संकट देखिनुका प्रमुख कारणहरूका बारेमा चर्चा गरौं ।

सहकारी संकटका मुख्य कारक

अन्य तमाम कारणका अतिरिक्त सहकारी क्षेत्रमा समस्या देखा पर्नुमा 'नियमन' तथा र संस्थागत सुशासनको अभाव'लाई प्रमुख कारणका रूपमा लिन सकिन्छ । यी दुई मुख्य कारणका सहउत्पादनका रूपमा रूपमा जोखिम व्यवस्थापन गर्ने परिपाटीको अभाव, कर्जा प्रदान गर्नुपूर्व गरिने उचित मूल्यांकनको अभाव, आर्थिक अनुशासनको अभाव, क्षेत्रगत विश्लेषणको अभाव जस्ता अन्य कारण पनि जन्मिएका छन् । हुन त सहकारीको सिद्धान्तअनुसार ती संस्था स्वनियमनमा चल्नुपर्ने हो तर ठगीको त्रिकोणको एउटा प्रमुख तत्त्व 'अवसर' उपलब्ध भएपछि ठगी गर्नेहरूले स्वनियमनलाई लत्त्याउने नै गर्छन् । त्यसलाई नियन्त्रण गर्न नै शक्तिशाली नियमनको व्यवस्था अपरिहार्य हुन्छ ।

कुरा नियमनको अभावबाट नै गरौं । नियमनको अभावको ज्वलन्त उदाहरण त तरलता कायम गर्नुपर्नेजस्तो संवेदनशील विषयकै परिपालना नभएबाट नै स्पष्ट हुन्छ । सहकारी विभागको निर्देशनमा कुल बचतको १० देखि १५ प्रतिशतसम्म तरलता कायम गर्नुपर्छ । तर, विडम्बना, सहकारी विभागका अनुसार अहिले जम्मा ६ खर्ब ९४ अर्ब रुपैयाँ बचत संकलन गरेका सहकारीले त्योभन्दा बढी ८ खर्ब १९ करोड ६० लाख रुपैयाँ कर्जा प्रवाह गरेका छन् ।

एकातिर सहकारीको दर्ता तथा निमयमको अधिकार प्रादेशिक संरचनाअनुसार तीनै तहको सरकारमा विस्तारित गर्दै सहकारी स्थापनालाई सहज बनाउन दिनु तर अर्कोतिर भने तिनलाई निगरानी राख्ने नियमनकारी निकायका रूपमा रहेको 'सहकारी विभाग' व्यावसायिक र प्राविधिक रूपमा कमजोर सिद्ध भइसक्दासमेत त्यसको क्षमता अभिवृद्धिमा कुनै ध्यान नदिएर सहकारी र त्यससँग आबद्ध लाखौं सर्वसाधारणको वित्तीय स्वार्थप्रति राज्यस्तरबाटै उच्च-उदासीनता प्रकट भएकै थियो ।

यसरी एकातिर प्रभावकारी नियमनको अभाव र अर्कोतिर स्वनियमनको लागि अति जरुरी पर्ने संस्थागत सुशासनको अभावले गर्दा पनि सहकारीहरू संकटग्रस्त हुन पुगे । वास्तवमा कुनै पनि संस्था दीर्घकालपर्यन्त सफल हुन पारदर्शिता, निष्पक्षता, उत्तरदायित्व, जवाफदेहिता, सुरक्षाजस्ता संस्थागत सुशासनका अति आवश्यक अवयवहरूले त्यो संस्था सुसज्जित हुनुपर्छ । यदि यस प्रकारको सुशासनको अवस्था विद्यमान रहन्छ भने मात्र पनि कुनै पनि संस्था स्वनियमनमा रहने भएकाले त्यसका लागि अन्य कुनै नियामकको आवश्यकता नपर्न सक्थ्यो ।

हुन त सहकारी ऐनमा सहकारीको संस्थागत सुशासनको उद्देश्यले सदस्य, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिजस्ता कतिपय सुशासनका खम्बाहरूको व्यवस्था गरिए पनि स्थापना गर्दा नै दुर्नियत राखिएका कतिपय सहकारीमा यसको पूर्ण परिपालना भएको पाइँदैन र जुन जुन सहकारीमा संकट देखिए, तिनमा संस्थागत सुशासनको पूर्ण रूपमा अभाव देखियो ।

तर, यति भए पनि सबैभन्दा मुख्य कुरा अहिले देखिएको सहकारी समस्याले आम रूपमा सहकारी र बैंक तथा वित्तीय क्षेत्र माथिको जनविश्वास डगमगाउने अवस्थाको सृजना भएको छ । यसरी विश्वास डगमगाएर पैसा फिर्ता माग्ने प्रवृत्ति देखियो भने सहकारी मात्र होइन, अब्बल मानिएका बैंकहरूलाई समेत संकट पर्न सक्छ र त्यसले समग्र अर्थतन्त्र धराशयी बनाउन सक्छ । त्यसैले पनि सहकारीका यी तमाम समस्या शीघ्रातिशीघ्र सम्बोधन हुनु जरुरी छ । त्यसैको एक कडीका रूपमा अहिले अध्यादेशमार्फत केही सुरक्षात्मक उपायहरू अवलम्बन गर्न खोजिएको देखिन्छ ।

बैंक तथा अन्य वित्तीय संस्थामा जस्तै सहकारीमा पनि १० लाखभन्दा बढी बचत गर्दा त्यसको स्रोत देखाउनु पर्ने व्यवस्थाले समग्र वित्तीय क्षेत्रमा नै सम्पत्ति शुद्धीकरणको कार्यान्वयनको प्रभावकारितामा एकरूपता ल्याउन सक्छ ।

अध्यादेशका नयाँ प्रावधान र अपेक्षा

नयाँ अध्यादेशले व्यवस्था गरेका प्रमुख विषयमध्ये राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९को खारेजी र 'बचत तथा ऋण सहकारी संस्था'को नियमनका लागि 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण' गठन गर्ने व्यवस्था मुख्य रहेको छ । अहिले सञ्चालनमा रहेका बचत तथा ऋणसम्बन्धी सबै सहकारीले आगामी १ वर्षभित्र प्राधिकरणले निर्धारण गरेका मापदण्डको आधारमा स्थानीय तहमा दर्ता हुनुपर्ने यो अध्यादेशले व्यवस्था गरेको छ ।

देशमा अहिले करिब साढे ८७ लाख सदस्य आबद्ध रहेका कुल ३५ हजार २३९ सहकारीमध्ये ८० प्रतिशतको हाराहारीमा सहकारी स्थानीय निकायअन्तर्गत र १९ प्रतिशत प्रदेशअन्तर्गत सञ्चालन भइरहेका र ती निकायको वित्तीय क्षेत्रलाई निमयन गर्ने क्षमता नभएको परिप्रेक्ष्यमा अध्यादेशमार्फत सरकारले बचत तथा ऋण कारोबार गर्ने सहकारीको नियमन जिल्ला अदालत सरहको अधिकार प्राप्त उच्चस्तरीय प्राधिकरणमार्फत हुने व्यवस्था गरेको छ । यो प्रावधानले आगामी दिनमा सहकारीको नियमन प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ ।

तर, जिल्ला अदालतसरहको अधिकार दिए पनि अध्यादेशमा प्राधिकरणमा रहेको अधिकार प्रदेश र स्थानीय तहबाट समेत कार्यान्वयन गर्नसक्ने प्रावधान राखिएकाले यो प्रावधानको कार्यान्वयनमा सावधानी नअपनाउने हो भने त्यसले अपेक्षित नतिजा नदिन सक्छ । किनभने वित्तीय सहकारीको नियमन विशेषज्ञ काम भएकाले त्यो क्षमता प्रदेश र स्थानीय सरकारमा नहुन सक्छ र त्यसले ऐनले परिकल्पना गरेअनुरूपको प्राधिकरणको काम प्रभावकारी नहुन सक्छ ।

यसका अतिरिक्त बचत तथा ऋणसम्बन्धी सहकारीहरूको नियमन, अनुगमन र सुपरिवेक्षण गर्दा प्राधिकरणले स्थानीय तहसँग समन्वय गर्नुपर्ने प्रावधानले पनि प्राधिकरणको प्राधिकारमाथि यो अध्यादेशले सम्झौता गरेको देखिन्छ । फेरि यस्तो प्राधिकरणको प्रमुख केवल प्रथम श्रेणीको सरकारी अधिकृत मात्र हुने तथा सरकारसँग समन्वय गर्न मन्त्रालयमार्फत गर्नुपर्ने प्रावधानले पनि यसको स्वायत्तता तथा प्रभावकारितामाथि थप सम्झौता गरेको स्पष्ट देखिन्छ । अध्यादेशको अर्को नयाँ व्यवस्थास्वरूप सहकारीहरूको वर्गीकरण गरी बचतको सीमा निर्धारण गर्नु पनि हो । अध्यादेशले सहकारीमा हुने व्यक्तिगत बचतमा पनि सहकारीलाई राष्ट्रिय, प्रदेश र जिल्लास्तरमा वर्गीकरण गरी राष्ट्रिय स्तरको सहकारीमा ५० लाख, प्रदेशस्तरको २५ लाख र जिल्लास्तरको सहकारीमा १० लाख मात्र बचत राख्न पाउने व्यवस्था गरेको छ । यो व्यवस्थाले सहकारीहरूलाई उनीहरूको स्वरूपअनुरूपको जोखिम भार वहन गराउन खोजेको देखिन्छ । अझ एक व्यक्ति एउटा मात्र बचत तथा ऋण सहकारीको सदस्य बन्न पाउने व्यवस्थाले यो जोखिमलाई थप घटाउनसमेत मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ । यो व्यवस्थाले आगामी दिनमा नयाँ दर्ता हुने सहकारीमा ठूलो राशिको बचत जोखिममा पर्ने सम्भावना रहँदैन ।

बैंक तथा अन्य वित्तीय संस्थामा जस्तै सहकारीमा पनि १० लाखभन्दा बढी बचत गर्दा त्यसको स्रोत देखाउनुपर्ने व्यवस्थाले समग्र वित्तीय क्षेत्रमा नै सम्पत्ति शुद्धीकरणको कार्यान्वयनको प्रभावकारितामा एकरूपता हुने हुनाले त्यसले असन्तुलित रूपमा वचत परिचालन हुने अवस्थाको अन्त्य गर्ने अपेक्षा गर्न सकिन्छ । विगतमा यही स्रोत देखाउन नपर्ने प्रावधानका कारण सहकारीमा अवैध पैसा थुप्रिएको र नियमन पनि नभएका कारण अपचलन गर्नेले 'अवसर' प्राप्त गर्दै आएका थिए र परिणामस्वरूप सहकारीमा समस्या आउँदा अन्य वित्तीय क्षेत्रसमेत प्रभावित हुन पुग्यो ।

यसै गरी अध्यादेशमा व्यवस्था गरिएको सहकारीलाई कर्जा सूचना केन्द्र र बचत तथा कर्जा सुरक्षण कोषमा आबद्ध गराउने व्यवस्थाले पनि सहकारीमा रहेको बचत सुरक्षित हुने र ऋण नतिर्ने प्रवृत्ति निरुत्साहित हुने अपेक्षा गर्न सकिन्छ । सहकारीको वित्तीय अवस्था बलियो बनाउन १५ प्रतिशतभन्दा बढी लाभांश वितरण गर्न नपाइने प्रावधानले पनि सहकारीलाई थप सबल बनाउन योगदान अपेक्षा गर्न सकिन्छ । अब यो प्रावधानको कार्यान्वयनपश्चात् सहकारीका सबै बचतकर्ताको ५ लाखसम्मको निक्षेपको बीमा हुनुका साथै ऋणीको ऋणसम्बन्धी यथार्थ विवरण कर्जा सूचना केन्द्रमार्फत प्राप्त गर्न सकिने अवस्था रहन्छ । यसले सहकारीलाई जोखिम व्यवस्थापनका लागि र सर्वसाधारणलाई वचत सुरक्षित बनाउन थप बाटो खुला गरेको छ ।

एक जना व्यक्ति दुई कार्यकालभन्दा बढी सञ्चालक हुन नपाउने मात्र होइन, एकभन्दा बढी सहकारीको सञ्चालक हुन नपाउने व्यवस्थाको कार्यान्वयनले पनि संस्थागत सुशासनलाई थप बलियो नै बनाउनेछ । साथै बचत रकम अपचलन भई अदालतमा विचाराधीन रहेको मुद्दा वा प्रचलित कानूनबमोजिम मिलापत्र गर्न सकिने अन्य फौजदारी मुद्दामा सदस्यको बचत रकम वा हिनामिना भएको बचत रकम फिर्ता गरेको जनाई सदस्य तथा प्रतिवादीले निवेदन दिए मिलापत्र हुन सक्ने प्रावधानले पनि प्रतिवादी माथिको कानूनी कारबाहीभन्दा पनि सहकारीको बचतकर्ताको सुरक्षालाई प्राथमिकतामा राखेको देखिन्छ ।

यति भए पनि सहकारी स्वयंले र सहकारीका कारण सर्वसाधारणले भोगिरहेका कतिपय महत्त्वपूर्ण समस्याको समाधानका लागि अध्यादेशले यथोचित सम्बोधन गर्न सकेको भने पाइँदैन । यी विषयका बारेमा आगामी लेखहरूमा चर्चा गरिने छ ।

लेखक सम्पत्ति शुद्धीकरण विषयमा विद्यावारिधिप्राप्त बैंकर हुन् ।

केन्द्रीय सत्ताको मानसिकता कहिलेसम्म ?

बारा-पर्सा औद्योगिक कोरिडोर नेपालको ठूलोमध्येको एक औद्योगिक कोरिडोर हो । यहाँ धेरै उद्यम छन् । तर, उद्यमीले आफ्नो कर विवरण बुझाउन, अडिट गराउन काठमाडौं धाउनुपर्छ ।

- **हरि गौतम**

श्रम ऐन २०७४ को परिच्छेद २ अनुसार श्रमसम्बन्धी मुद्दा किनारा लगाउन श्रम अदालत गठन गर्ने व्यवस्था गेको छ । सोही व्यवस्थाअनुसार अहिले काठमाडौंमा श्रम अदालत गठन भई श्रम विवाद सम्बन्धमा कार्य गरिरहेको छ । सोही ऐनको दफा १५८ मा यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै उच्च अदालतलाई क्षेत्राधिकार तोकी श्रम अदालतको काम गर्ने गरी तोकी दिन सक्ने व्यवस्था गरेको छ । श्रम अदालत काठमाडौंमा मात्र अवस्थित रहेको तर उच्च अदालत सदरमुकामसहित मुख्य शहरहरूमा रहेका छन् । श्रमिक विवाद सम्बन्धमा विभिन्न जिल्लाबाट काठमाडौं आई मुद्दा मामिला गर्दा एकातर्फ विकेन्द्रीकरण र सङ्घीयताको भावनाविपरीत भयो भने अर्कोतर्फ यसबाट उद्योगी एवम् कामदारले थप कष्ट एवम् अनावश्यक खर्च बेहोर्नुपर्‍यो । मानौं, एक सुदूरपश्चिम महेन्द्रनगरको कामदारलाई कुनै उद्योगले ग्रेड रोक्काको सजाय गर्‍यो उसलाई यो सजायविरुद्ध पुनरावेदन गर्न काठमाडौं धाउनुपर्‍यो जो ज्यादै खर्चिलो र कष्टप्रद छ । जसबाट बरु ऊ न्याय माग नगरी बस्छ तर काठमाडौंसम्म धाउन सक्दैन । त्यस्तै झापाको एक कामदारलाई उद्योगीले नसिहतको सजाय दियो भने उसको हालत पनि त्यस्तै हुन्छ । अर्कोतर्फ उद्योगहरूलाई पनि उद्योग चलाउनुको सट्टा काठमाडौंसम्म धाई मुद्दा मामिला गर्नुपर्ने हुन्छ ।

श्रम ऐनको प्रावधानअनुसार मुख्य औद्योगिक शहरहरूमा श्रम अदालतको अधिकार उच्च अदालतलाई हस्तान्तरण गरी दिएको भए सबैलाई सहज हुने थियो । श्रम ऐनको पालना पनि हुने थियो तर राज्य त्यसो गर्न इच्छुक छैन । यस सम्बन्धमा नेपाल सरकारले पेश गरेको आव २०८०/८१ को बजेटको दफा १७२ मा श्रमिकको न्यायमा पहुँच स्थापना गर्न श्रम अदालतको सेवालाई विस्तार गरिनेछ भनी उल्लेख भएपछि यसो हुन सकेको छैन । किन श्रम ऐन पालना भएन ? किन पारित बजेटमा उल्लेख भएअनुसार श्रमिकको हितको लागि श्रम अदालतको कार्यक्षेत्र औद्योगिक शहरहरूमा अवस्थित उच्च अदालतमा हस्तान्तरण गरिएन ? संघीयताअनुसार उदारतापूर्वक शक्ति विकेन्द्रीकरण प्रदेश तथा स्थानीय तहमा हुनुपर्छ । हरेक प्रदेशमा कानूनी उपचारका लागि सुविधासम्पन्न उच्च अदालत छन् । किन श्रम ऐनसहित राजस्व न्यायाधिकरण ऐनजस्ता अर्ध न्यायिक निकाय खडा गरी त्यस्ता संस्थाबाट कार्य गराउने, जहाँ न्यायको सही प्रत्याभूति हुँदैन । संविधानले चिनेको र कानूनी उपचारको दायित्व बोकेको उच्च अदालतलाई यस्ता अधिकार दिने प्रक्रिया शुरू गरौं । सबै सरोकारवालाहरूलाई यसबाट सुविधा हुन्छ भनी संघीय कानून न्याय तथा संसदीय मन्त्रालयका सचिवलाई पटकपटक अनुरोध गर्दा उनी गोलमटोल कुरा गर्छन् । नेपालमा कर्मचारीतन्त्र अत्यन्त नकारात्मक छ । आफ्नो स्वार्थअनुकूलको फाइल भए अघि बढाउने, होइन भने आम सरोकारको फाइलमा यिनीहरूको कुनै चासो नै रहँदैन । कानूनको पालना गर्ने कुरै गर्दैनन् । यसो हुनुमा लाखौं श्रमिकको सजिलै न्याय पाउने अधिकार छिनेर काठमाडौंमा केन्द्रित श्रम अदालतका २, ३ जना न्यायको नाममा हालीमुहाली चलाइरहेका गैरन्यायिक व्यक्तिको स्वार्थ पूरा गर्नु हो भन बुझ्न कठिन छैन । न्यायक्षेत्रका विज्ञहरू पनि संघीय कानून मन्त्रालयको यस्तो कार्यप्रति अचम्म मान्छन् ।

कम्पनी रजिस्ट्रारको कार्यालय संघीय राजधानी काठमाडौंमा मात्र छ । जब कि देशका ७७ ओटै जिल्लाबाट उद्योग व्यवसाय दर्ता हुन्छ । दार्चुलाको एक घरेलु उद्यमीले कम्पनी दर्ता गर्न काठमाडौं आउनुपर्ने बाध्यता छ । उसलाई कम्पनी दर्ता गर्न जति खर्च लाग्छ, त्यसको बीसौं गुणा खर्च काठमाडौं आउन जान लाग्छ । उसले आफ्नो अडिट रिपोर्ट बुझाउन वर्षमा एकपटक काठमाडौं धाउनुपर्ने बाध्यता छ । आफ्नै जिल्लाबाट रजिस्ट्रीको माध्यमले रिपोर्ट काठमाडौं पठाउँ न त भन्यो भने हाम्रो कर्मचारीतन्त्र यति भ्रष्ट र निकम्मा छ कि त्यसले उसको रिपोर्ट फाइलमा राखी नै दिँदैन । अन्त्यमा उसलाई ठूलो जरीवाना लाग्छ । ७७ जिल्लामा घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु समितिहरू छन् । त्यहाँ अनलाइन सुविधा थप गरी एक वा दुई कर्मचारी राखेर यस कार्यालयको सेवा जिल्लाबाट नै दिए भइहाल्यो नि तर राज्यलाई जनताको सुविधाको कुनै चिन्ता छैन । तिनको मानसिकता केन्द्रीयता नै छ ।

बारा-पर्सा औद्योगिक कोरिडोर नेपालको ठूलोमध्येको एक औद्योगिक कोरिडोर हो । यहाँका धेरै उद्यमी या त ठूला करदाता छन् या मध्यम करदाता । उनीहरूले आफ्नो कर विवरण बुझाउन, अडिट गराउन काठमाडौं धाउनुपर्छ । सरकारले चाहेमा त्यहीको आन्तरिक राजस्व कार्यालयमा ठूला तथा मझौला करदाताको शाखा खडा गरेर आफ्नो कार्य सुचारू गर्न सक्छ । त्यसो गर्दा करदातालाई केही हदसम्म सुविधा हुन्छ । कर अधिकृतले पनि फिल्डमा कार्यक्षेत्रको वास्तविक वस्तुस्थिति बुझी कर निर्धारण गर्न सक्छ । तर, सरकारलाई यसतर्फ कुनै चासो नै छैन । राजस्व न्यायाधिकरणले आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई राजस्व अनुसन्धान विभागबाट पुनरावेदनको फैसला भएका विवादित करसम्बन्धी मुद्दाहरू हेर्छ । यसमा सबैभन्दा बढी मुद्दा बारा पर्सा औद्योगिक क्षेत्रबाट जान्छन् । कारण ठूला र मझौला करदाताको संख्या यहाँ धेरै छ । यसमा पुनरावेदन गर्न तारीख लिन उद्यमीले काठमाडौं नै धाउनुपर्छ । तर, सरकारले यसमा चासो दिएको छैन ।

औद्योगिक प्रयोजनको लागि नेपाल सरकारले विदेशबाट आयात हुने केही केमिकलहरूलाई सरकारको स्वीकृति लिएर मात्र आयात गर्ने गरी राजपत्रमा सूचना प्रकाशित गरेको छ । यस्ता केमिकल ल्याउन त्यसको सही रूपमा भण्डारण गर्न, बिक्रीवितरण गर्ने कार्यको अनुगमन जिल्ला प्रशासन कार्यालयले गर्ने गरेको छ । जिल्ला प्रशासन कार्यालयको सिफारिशमा यसको अनुमति गृह मन्त्रालयले दिने गरेको छ । त्यस्तो केमिकलको निरीक्षण बिक्रीवितरणको अनुगमन सबै कार्य जिल्ला प्रशासन कार्यालयले गर्नु, आयात गर्न सिफारिश पनि उसैले गर्ने, नेपाल सरकारको राजपत्रांकित प्रथम तहको कर्मचारी प्रमुख जिल्ला अधिकारी हुने, किन जिल्लाबाटै यसको अनुमति दिन नहुने ?

दार्चुलाको एउटा व्यवसायीले त्यस्तो केमिकल ल्याउनुपरेमा जिप्रकामा जानु पर्‍यो त्यहाँ आफ्नो गोदाम अनुगमनसहित कागजात पेश गर्नुपर्‍यो, त्यहाँबाट सिफारिश लिएर काठमाडौं आउनुपर्‍यो । भनेको बेला सिंहदरबार छिर्न पाउँदैन । छिरी हाले पनि कर्मचारीहरू भेटिँदैनन् । भेटिई हाले पनि अनेक बहाना गरी काम ढिलो गरी दिन्छन् । सरकारी अफिसमा बिदा नै बिदा हुने हाम्रो देशमा बीचमा १ दिन बिदा भए १ हप्ता काम हुँदैन । कति झन्झट भयो । अन्ततः उसको लागत भोको उपभोक्ताको टाउकोमा जाने लागत हो । यसबाट उत्पादनमा लागत बढ्छ । सरकारले विकेन्द्रीकरणको भावना बुझी जिप्रकालाई यो अधिकार प्रत्यायोजन गरे, चाहे सुदूरपश्चिमको बैतडी होस् वा सुदुरपूर्वको सोलुखुम्बु होस् सबै उद्यमी व्यवसायीले सुविधा पाउने थिए । आयातित केमिकलको दाम सस्तो हुने थियो । अन्ततः आम मानिसले सही दरमा सामान पाउने थिए । तर, सरकारलाई आम जनताको चिन्ता छैन ।

मुलुकमा संघीय शासन छ । प्रदेशलाई अधिकार सम्पन्न शासन बनाउनुपर्छ तर संघीय सरकार प्रदेशमा अधिकार दिने कुरामा अति अनुदार छ । संविधान जारी भएको ७ वर्षमा पनि आजसम्म प्रहरी ऐन, संघीय निजामती सेवा ऐनसहित संघीयतासम्बन्धी ४० भन्दा बढी ऐन बन्न सकेका छैनन् । अब केन्द्रीय सत्ताले शासन केन्द्रीयकरणको मानसिकताबाट विकेन्द्रीकरणमा आउन ढिलो भै सकेको छ ।

लेखक वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हुन् ।

उड्डयनका दुईओटा विधेयकलाई अन्तिम रूप दिन्छौं : मन्त्री पाण्डे

काठमाडौं (अस) । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवाप्रदायकका रूपमा छुट्टयाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

प्राधिकरणले नियामक र सेवाप्रदायक दुवै भूमिका निर्वाह गर्दा स्वार्थको द्वन्द्व भई हवाई सुरक्षामा असर परेको भन्दै अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) र यूरोपेली संघले प्राधिकरण टुक्र्याउन बारम्बार सुझाव दिँदै आएका छन् । यूरोपेली संघ (ईयू) ले सन् २०१३ देखि नेपाली विमानलाई यूरोपको आकाशमा निषेध गरेको छ । केही वर्षयता धेरै हवाई दुर्घटनाले पनि नेपालको प्रतिष्ठामा आँच आएको छ । हवाई सुरक्षा राष्ट्रिय तथा अन्तरराष्ट्रिय सरोकारवालाका लागि चिन्ताको विषय भइरहँदा सरकारले दुईओटा हवाई सेवासम्बन्धी विधेयकलाई मन्त्रिपरिषद्बाट हालै पास गरेको छ । यसमा प्राधिकरणलाई टुक्र्याउने कुरा पनि समावेश भएको मन्त्री पाण्डेले बताए ।

'प्राधिकरण विभाजन गर्दा कर्मचारीले अहिले पाइरहेको सेवासुविधामा कुनै कमी आउने छैन,' प्राधिकरणले २६औं वार्षिकोत्सवको अवसरमा मंगलवार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा मन्त्री पाण्डेले भने ।

'रोकिएका नियामक र सेवाप्रदायक विधेयक हालैको मन्त्रिपरिषद् बैठकले पास गरिसकेको छ,' मन्त्री पाण्डेले भने, 'मन्त्रिपरिषद्ले पास गरेपछि ती दुईओटा ऐन निर्माणको प्रक्रिया औपचारिक रूपमा प्रारम्भ भएको छ ।' अब यो ऐन संसद्मा पेश हुने, सैद्धान्तिक छलफल हुने र यसको ७२ घण्टाभित्र संशोधनका प्रस्तावहरू दर्ता हुनेछन् । दफावार छलफलका लागि सम्बद्ध समितिले सरोकारवालासँग छलफल गर्ने र त्यो बेला जनप्रतिनिधिमार्फत संशोधन प्रस्तुत गर्न पनि उनले आग्रह गरे ।

हाल प्राधिकरणले गर्दै आएको नियामक र सेवाप्रदायकको काम अलग गराउने गरी 'नेपाल हवाई सेवा प्राधिकरण विधेयक २०७६' र 'नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक २०७६' सोही वर्षको फागुन ११ मा राष्ट्रिय सभामा दर्ता भएका थिए । त्यसयता प्राधिकरणमा कार्यरत कर्मचारीहरूले प्राधिकरण टुक्र्याउन नहुने भन्दै विरोध गर्दै आएका छन् । प्राधिकरणसम्बद्ध कर्मचारी ट्रेड युनियन एकता मञ्चका अध्यक्ष रतन दासले प्राधिकरण टुक्र्याउने कदमप्रति पुनः आपत्ति व्यक्त गरे । 'प्राधिकरण टुक्र्याउने विषयमा हाम्रो आपत्ति छ,' दासले भने, 'कर्मचारीसँग कुनै पनि छलफल भएको छैन, छलफल नगरी आएका विधेयक कर्मचारीको हितमा हुँदैनन् ।'

उक्त अवसरमा मन्त्री पाण्डेले टुक्र्याउने विषयले प्राधिकरणका कर्मचारी असुरक्षित र निराश हुनुपर्ने आवश्यकता नभएको बताए ।

'म वचन दिन चाहन्छु- तपाईंहरूको सरोकारलाई बेवास्ता गरेर यो ऐन बन्ने छैन,' मन्त्री पाण्डेले भने, 'कर्मचारीको कुनै किसिमको सेवासुविधा घट्ने गरी यी ऐन बन्ने छैनन् । कर्मचारीहरू आश्वस्त हुनुहोस्, यी ऐनलाई नै हामीले अन्तिम रूप दिनेछौं ।'

ईयूको सुरक्षा सूचीबाट नेपाली एयरलाइन्सलाई नहट्नुको एक कारणतर्फ प्राधिकरणको अरुचि रहेको सरकारी अधिकारीले बताउँदै आएका छन् ।

बाँकी पृष्ठ १ बाट ...

सबै वित्त कम्पनीको ...

पोखरा फाइनान्समात्र होइन, वित्त कम्पनीहरूको औसत निष्क्रिय कर्जा पनि वाणिज्य बैंक र विकास बैंकहरूको तुलनामा उच्च रहेको राष्ट्र बैंकको तथ्यांक छ ।

कात्तिक मसान्तसम्म वित्त कम्पनीहरूको निष्क्रिय कर्जा १० दशमलव ८४ प्रतिशत छ जबकि वाणिज्य बैंकहरूको ४ दशमलव २८ प्रतिशत र विकास बैंकहरूको ४ दशमलव ३७ प्रतिशत छ ।

मंगलवार जानकी फाइनान्सको शेयरमूल्य पनि १० प्रतिशत घटेको छ । चालू आर्थिक वर्ष (आव) को पहिलो त्रैमाससम्म करीब ७ करोड खुद नाफामा रहेको जानकी फाइनान्सको शेयरमूल्यमा मंगलवार नकारात्मक सर्किट लागेको हो । कम्पनी खुद नाफामै रहेको भए पनि निष्क्रिय कर्जा बढेको छ । गत आवको पहिलो त्रैमाससम्म १७ दशमलव ६० प्रतिशत रहेको जानकी फाइनान्सको निष्क्रिय कर्जा चालू वर्षको सोही अवधिसम्म बढेर ३४ दशमलव ६४ प्रतिशत कायम भएको छ । जानकी फाइनान्सको पूँजीकोष अनुपात ३ दशमलव ८४ प्रतिशत छ ।

मंगलवार गुहेश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सको शेयरमूल्य पनि ९ दशमलव ३४ प्रतिशत घटेको छ । यस कम्पनीको शेयरमूल्य प्रतिकित्ता ५१ रुपैयाँले घटेर अन्तिम मूल्य ४९५ रुपैयाँ कायम भएको हो । वित्त कम्पनीमध्ये नाफाका हिसाबमा मञ्जुश्री फाइनान्स सबैभन्दा अगाडि छ । चालू आवको पहिलो त्रैमाससम्म मञ्जुश्री फाइनान्स ९ करोड ४२ लाख रुपैयाँभन्दा बढी खुद नाफामा रहेको देखिन्छ । यस कम्पनीको शेयरमूल्य मंगलवार ३ दशमलव २० प्रतिशत घटेको छ ।

मंगलवार मञ्जुश्री फाइनान्सको शेयरमूल्य प्रतिकित्ता २० रुपैयाँ ८० पैसाले घटेर अन्तिम मूल्य ६२९ रुपैयाँ २० पैसा कायम भएको हो । वित्तसमूहका कम्पनीको शेयरमूल्यमा नकारात्मक प्रभाव देखिनुको पछाडि कमजोर वित्तीय अवस्था रहेका कम्पनीमाथि नियामकले कारबाही गर्न खोजेको संकेत आउनु रहेको अनुभवी लगानीकर्ता छोटेलाल रौनियारले बताए । 'पछिल्लो समय समूह नै मिलेर कमजोर वित्तीय अवस्था भएका कम्पनीको शेयरमूल्य बढाइयो,' उनले भने, 'अब त्यस्ता कम्पनीमाथि कारबाही हुने संकेत आएपछि शेयर मूल्य घटेको हो ।'

उनले एक कम्पनीको कारोबारलाई हेरेर इन्साइडर ट्रेडिङको कारबाही गर्नुभन्दा ४ घण्टाको कारोबारलाई विशेष निगरानी गरी नियामक निकायले कारबाही अघि बढाउनुपर्ने बताए ।

'कुनै एक समूहले कम्पनीको मूल्य बढाउने जिम्मा लिएर कारोबार भइरहेको प्रत्यक्ष देखिँदा पनि नियामकले किन ध्यान दिएको छैन ?' उनले प्रश्न गरे ।

फुकोट कर्णाली ...

पहिले नेपाल सरकार र स्थानीय जनताको लगानीमै यो परियोजना बनाउने भनिए पनि सरकारले भारतीय कम्पनीसँग सुटुक्क सम्झौता गरेकाले उक्त सम्झौता राष्ट्रको हितमा नभएको रिट निवेदकमध्येकी एक बरालको तर्क छ । नेपाल सरकारले नै बनाउन सक्ने आयोजनाहरू भारतीय कम्पनीलाई दिनु गलत भएको उनी बताउँछिन् । विद्युत् उत्पादन कम्पनीका कार्यकारी अधिकृत शाही भने उत्पादित बिजुली बेच्नुपर्ने भएकाले भारतीय कम्पनीसँग सहकार्य गर्नुपरेको बताउँछन् ।

यता सर्वोच्च अदालतले रिट निवेदनमाथिको सुनुवाइ लम्ब्याउँदै लगिरहेको छ । उक्त रिटमा सर्वोच्चले आगामी वैशाख ३ गतेका लागि पेशी तोकेको विद्युत् उत्पादन कम्पनीले बताएको छ । विद्युत् उत्पादन कम्पनी स्रोतका अनुसार सर्वोच्चमा रिट निवेदन दायर गर्ने बराल र शाहीले अहिले आएर रिट फिर्ता लिने विषयमा आफूहरूसँग छलफल गरेको बताएका छन् । स्रोतका अनुसार 'सर्वोच्चले पेशी लम्ब्याउँदै गएको र आफ्नै जिल्लामा निर्माण हुन लागेको परियोजनाको भविष्यमाथि अन्योल सृजना भएको भन्दै उनीहरूले रिट फिर्ता लिने मनसाय बनाएका हुन् ।' यद्यपि, रिट निवेदन दिनेमध्येकी बरालले रिट फिर्ता लिने योजनामा आफू नरहेको बताइन् । 'नेपाली प्राविधिक र श्रमिकलाई रोजगारीको ग्यारेन्टी गर्नुका साथै निर्माणपश्चात् पनि नेपाललाई निःशुल्क बिजुली दिने विषय ग्यारेन्टी हुनुपर्ने हाम्रो माग छ,' उनले भनिन्, 'यति नभए रिट फिर्ता हुन्न ।' सरकारले सन् २०३५ सम्म २८ हजार ७१३ मेगावाट विद्युत् उत्पादन लक्ष्य राखेको छ । 'जलविद्युत् परियोजना निर्माणमा आउने यस्ता विभिन्न अवरोधका कारण सरकारको लक्ष्यप्राप्ति समेत चुनौतीपूर्ण हुनेछ,' शाहीले भने ।

कर्णाली प्रदेशका ...

अध्ययनका अनुसार कर्णालीमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, कच्चा पदार्थ अभाव तथा विकट भौगोलिक बनावटजस्ता प्रमुख कारणले गर्दा ठूला उद्योगहरू सञ्चालन हुन सकेको देखिँदैन ।

समीक्षा वर्षमा कर्णाली प्रदेशमा नमूना छनोटमा समेटिएका उद्योगमध्ये अधिकांशको उत्पादनमा वृद्धि आएको देखिन्छ । प्रतिवेदनमा उल्लेख भएअनुसार प्रशोधित चिया र प्लास्टिकका सामान उत्पादनमा कुनै पनि परिवर्तन भएको छैन । त्यसैगरी, चिरेको काठ उत्पादनमा कमी आएको देखिन्छ । प्रशोधित दूध उत्पादनमा ३ दशमलव ३३ प्रतिशतले वृद्धि भएको देखिन्छ । अन्न तथा पशुदाना उत्पादन गर्ने उद्योगअन्तर्गत चामल, गहुँको पिठो र पशुदाना उत्पादन क्रमशः ६६ दशमलव ६७ प्रतिशत, २८ दशमलव ५७ प्रतिशत र १५ दशमलव ३८ प्रतिशतले वृद्धि भएको छ ।

समीक्षा वर्षमा लत्ताकपडा शीर्षकअन्तर्गत अन्य लत्ताकपडा शीर्षक र कागज तथा कागजका उत्पादनमा क्रमशः १५ प्रतिशत र १२ दशमलव ५० प्रतिशतले कमी आएको छ । समीक्षा वर्षमा काठ तथा काठका सामान शीर्षकअन्तर्गत चिरेको काठ उत्पादनमा १३ दशमलव ३३ प्रतिशतले कमी आएको छ । त्यसैगरी, प्लास्टिक उत्पादन शीर्षकअन्तर्गत प्लास्टिकजन्य सामान र प्रशोधित चियाको उत्पादनमा भने कुनै परिवर्तन आएको छैन ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply & Sewerage Management
Federal Water Supply and Sewerage Management Project, Biratnagar

Invitation of Bids

Date of Publication: January 1, 2025 (2081/09/17)

Federal Water Supply & Sewerage Management Project- Biratnagar, invites electronic bids from eligible bidders for the following works.-

S. N.	Contract No.	Description of Works	Total Estimated Amount with Vat (NRs.)	Bid Security Amount (NRs.)	Bid Document Fee(NRs.)	Last Date of Bid Submission
1	06/81-82/Rehab-Salakpur/ FWSSMP_BRT	Construction of Deep Tubewell Drilling and Installation of 250/200mm dia. upto 125m Deep by Rig Machine for Salakpur Water Supply Project, Sundarharaicha-8 Morang	27,79,123.69	70,000.00	3,000.00	January 31 2025, 12:00
2	07/81-82/Arid-Udaypurgadhi/ FWSSMP_BRT	Construction of Sump Well for Udaypurgadhi Ga.Pa. Brihat Water Supply Project, Udaypurgadhi-8 Udaypur	35,02,595.79	88,000.00	3,000.00	January 31 2025, 12:00

- The detail notice can be accessed from www.bolpatra.gov.np/egp.

Project Manager

काठ/दाउरा संकलन सम्बन्धि सूचना

पहिलो पटक प्रकाशित मिति २०८१/०९/१७

आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय वनमा रहेका ढलापडा काठ/दाउरा कटान मुछान गरी तोकिएको स्थानमा घाटगढी गर्नका लागि तोस्रा राष्ट्रिय वन चौकुने गा.पा-५, सुर्खेतको प्लट नं.९, को साल जातको काठ २७३६.५४ क्यूफिट र ३.१६५ चट्टा दाउरा लिलाम घटाघट प्रकियाद्वारा संकलन गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समय भित्र श्री वन तथा वातावरण निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा श्री डिभिजन वन कार्यालय भेरी, बाबियाचौर सुर्खेतबाट बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारी यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

डिभिजन वन कार्यालय भेरी
बाबियाचौर, सुर्खेत

नबिल बैंक लिमिटेड पोखरा(मालेपाटन) शाखा, कास्कीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०९/१७)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्वन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्वन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्वद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्वद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

१ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, लमजुङमा मिति २०६९/०६/१५ मा प्रा.फ.नं.घ.तथा सा.उ.वि.स. १५१९/०६९/०७० अन्तर्गत दर्ता भएको **महालक्ष्मी निर्माण सेवा ।**
ठेगाना : लमजुङ जिल्ला, भार्ते गा.वि.स. वडा नं. ०७ ।
ऋणी फर्मका प्रोप्राइटरः
वल भद्र गुरुङको नाती, खड्ग राज भन्ने खड्का राज छोरा, लमजुङ जिल्ला, दोर्दी गा.पा. वडा नं. ०१ बस्ने, ना.प्र.न ५९२०८ (जारी मितिः २०६३-०३-१२, स्थान लमजुङ), भएको **दर जङ गुरुङ ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. भैरे सिं गुरुङको नाती, वल भद्र गुरुङको छोरा, लमजुङ जिल्ला, भार्ते गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल लमजुङ जिल्ला, दोर्दी गा.पा. वडा नं. ०१ बस्ने, ना.प्र.न ६३५४ (जारी मितिः २०४५/०२/०३, स्थान लमजुङ), भएको **खड्ग राज भन्ने खड्का राज गुरुङ ।**
२. टक बहादुर गुरुङकी छोरी, खड्ग राज भन्ने खड्का राज गुरुङकी बुहारी, दर जङ गुरुङकी श्रीमती, लमजुङ जिल्ला, भार्ते गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल लमजुङ जिल्ला, दोर्दी गा.पा. वडा नं. ०१ बस्ने, ना.प्र.न ४५१०३८-१४६४७ (जारी मितिः २०६७-०४-०५, स्थान लमजुङ), भएकी **विष्णु गुरुङ ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
लमजुङ जिल्ला, भार्ते गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल लमजुङ जिल्ला, दोर्दी गा.पा. वडा नं. ०१ बस्ने, **खड्ग राज भन्ने खड्का राज गुरुङ** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको लमजुङ जिल्ला, भार्ते गा.वि.स. वडा नं. ०७ नक्सा सिट नं ७ मा अवस्थित कि.न. क्रमश ८०, ८२, ८६, १४९, १७५ र १५४ क्षेत्रफल क्रमश १-६-२-२, ०-१४-०-०, १-८-०-१, १-२-१-२, ०-१४-१-१ र ६-८-०-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
सवारी साधनको विवरणः
ऋणी **महालक्ष्मी निर्माण सेवा** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. ग १क ४६८४ भएको JS 220 Excavator.

२ **ऋणीको नाम र ठेगानाको विवरण**

धन बहादुर गुरुङकी छोरी, मोहन सिं गुरुङकी बुहारी, लिलु गुरुङकी श्रीमती, तनहुँ जिल्ला, थप्रेक गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ३१ बस्ने, ना.प्र.न. ४३३०३६/१४० (जारी मितिः २०६३/१०/१२ स्थान तनहु), भएकी **धुसा गुरुङ ।**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. जंग बहादुर गुरुङको नाती, मोहन सिं गुरुङका छोरा, तनहुँ जिल्ला, शुक्ला गण्डकी न.पा. वडा नं. ०१ स्थायी घर भई हाल कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ३१ बस्ने, ना.प्र.न. ४३-०१-७५-००६९० (जारी मितिः २०७५-०१-२४ स्थान तनहुँ), भएको **योगेन गुरुङ ।**
२. रुप दास गुरुङकी छोरी, जंग बहादुर गुरुङकी बुहारी, मोहन सिं गुरुङकी श्रीमती, तनहुँ जिल्ला, थप्रेक गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ३१ बस्ने, ना.प्र.न. ५६० (जारी मितिः २०४५/०१/११ स्थान तनहु), भएकी राज **कुमारी गुरुङ ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
तनहुँ जिल्ला, थप्रेक गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ३१ बस्ने, **राज कुमारी गुरुङ** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला खाल्टे गा.वि.स. वडा नं. ०३ नक्सा सिट नं ०९४१२९६ मा अवस्थित कि.न. ४०७ क्षेत्रफल ९-०-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०९/१७)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्वन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्वन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्वद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमो जिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्वद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

१ **ऋणीको नाम र ठेगानाको विवरण (तुलसीपुर शाखा, दाङ्ग)**

मनराखु चौधरीको नाती, सुकलाल चौधरीको छोरा, दाङ्ग जिल्ला टारीगाउँ गा.वि.स. वडा नं ०७ बस्ने, ना.प्र.न २०५७/२१९७ (जारी मितिः २०५९/०१/२७ दाङ्ग), भएको **इन्द्र बहादुर चौधरी ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

दयाराम थारुकी छोरी, सुकलाल चौधरीकी बुहारी, इन्द्र बहादुर चौधरीकी श्रीमती, दाङ्ग जिल्ला टारीगाउँ गा.वि.स. वडा नं ०७ स्थायी घर भई हाल दाङ्ग जिल्ला तुलसीपुर उ.म.न.पा. वडा नं १० बस्ने, ना.प्र.नं. ५२२०३०/२६२१ (जारी मितिः २०७०/०३/१४ दाङ्ग), भएकी **कल्पना चौधरी ।**

धितोको विवरण

सवारी साधनको विवरणः
ऋणी **इन्द्र बहादुर चौधरी** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. रा १त २८९९ भएको DI-60 RX.

२ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (अत्तरखेल शाखा , काठमाण्डौं)**

प्राईभेट फर्म रजिष्ट्रशन ऐन २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, काठमाण्डौंमा मिति २०६७/०९/०१ मा प्रा.फ.नं ३४९९३/८९३ अन्तर्गत दर्ता भएको **युनिक फेशन बुटिक ।**
ठेगाना : काठमाण्डौं जिल्ला जोरपाटी न.पा. वडा नं ०८ ।
ऋणी फर्मका प्रोप्राइटरः
हरि तुलाधरकी छोरी, रामाउदीन अंसारीकी बुहारी, अलाउदिन अन्सारीकी श्रीमती, काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. ०८ बस्ने ना.प्र.नं. २१७४७ (जारी मितिः २०५१/०३/०३, स्थान काठमाण्डौं) भएकी **अनिता तुलाधर ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. मिन नाथ राजकर्णिकारकी नातिनी, राजेश कजकर्णिकारकी छोरी, ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. ११ स्थायी घर भई हाल काठमाण्डौं जिल्ला गोकर्ण न.पा. वडा नं ०९ बस्ने, ना.प्र.नं. २८-०१-७२-०३६३८ (जारी मितिः २०७२-०७-१७, स्थान ललितपुर) भएकी **एकता राजकर्णिकार ।**
२. कङ्गालीमिया अंसारीको नाती, रामाउदीन अंसारीको छोरा, पूर्वी चम्पारण जिल्ला नकरदेई गा.वि.स. वडा नं. ६१ स्थायी घर भई हाल काठमाण्डौं जिल्ला गोकर्ण न.पा. वडा नं ०९ बस्ने, रजिष्ट्रेसन नं. २५२३/२०१७ (जारी मितिः २०१७/०७/११, स्थान भारतिय नागरिक, भारतिय राजदुतावास, काठमाडौं) भएको **अलाउदिन अंसारी ।**

३ **ऋणीको नाम र ठेगानाको विवरण (बिर्तामोड वि.एन.सि.शाखा, झापा)**

नन्द मणि विमलीकी छोरी, पुण्य प्रकाश खरेलकी बुहारी, भिष्म राज खरेलकी श्रीमती, झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल झापा जिल्ला, विर्तामाड न.पा. वडा नं. ०५ बस्ने, नागरिकता ना.प्र.न ४४४० तेह्रथुम नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: झापा (मिति : २०४३/१०/२४), भएकी **उर्मिला देवी विमली खरेल ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

राम प्रसाद खरेलको नाती, पुण्य प्रकाश खरेलको छोरा, पाँचथर जिल्ला, च्याङथापु न.पा. वडा नं. ०४ स्थायी घर भई हाल झापा जिल्ला, विर्तामाड न.पा. वडा नं. ०५ बस्ने, नागरिकता ना.प्र.न १०३८ पाँचथर नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: झापा (मिति : २०३५/११/१०), भएको **भिष्म राज खरेल ।**

४ **ऋणी कम्पनीको विवरण (बिर्तामोड वि.एन.सि.शाखा, झापा)**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८-०७-१५ मा दर्ता नं. २७६२३०/०७८/०७९ अन्तर्गत दर्ता भएको **च्याङ्गथापु ट्रेडर्स प्रा.लि. ।**
ठेगानाः झापा जिल्ला, विर्तामाड न.पा. वडा नं. ०५, भद्रपुर रोड ।

तपसिल

५ **कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. नन्द मणि विमलीकी छोरी, पुण्य प्रकाश खरेलकी बुहारी, भिष्म राज खरेलकी श्रीमती, झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल झापा जिल्ला, विर्तामाड न.पा. वडा नं. ०५ बस्ने, नागरिकता ना.प्र.न ४४४० तेह्रथुम नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: झापा (मिति : २०४३/१०/२४), भएकी **उर्मिला देवी विमली खरेल ।**
२. राम प्रसाद खरेलको नाती, पुण्य प्रकाश खरेलको छोरा, पाँचथर जिल्ला, च्याङथापु न.पा. वडा नं. ०४ स्थायी घर भई

पाँच कम्पनीको शेयर मूल्य समायोजन

काठमाडौं (अस) । मंगलवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा पाँच कम्पनीको शेयर मूल्य समायोजन भएको छ। शिवम् सिमेन्ट्स, सांग्रिला डेभलपमेन्ट बैंक, डिप्रोक्स लघुवित्त वित्तीय संस्था, साना किसान विकास लघुवित्त वित्तीय संस्था र लक्ष्मी सन्राइज बैंकको साधारणसभा तथा लाभांश वितरण प्रयोजनार्थ बुक क्लोज गरेसँगै नेप्सेले शेयर मूल्य समायोजन गरी नयाँ मूल्य निर्धारण गरेको हो ।

नेप्सेले लक्ष्मी सन्राइज बैंकको ५ प्रतिशत, साना किसान विकास लघुवित्तको १३ दशमलव ३० प्रतिशत, डिप्रोक्स लघुवित्तको ९ दशमलव ५० प्रतिशत, सांग्रिला डेभलपमेन्ट बैंकको ३ दशमलव ६५१६ प्रतिशत र शिवम् सिमेन्ट्सको ८ दशमलव ५५ प्रतिशत बोनस शेयर समायोजन गरेको हो ।

समायोजनपश्चात् शिवम् सिमेन्ट्सको शेयर मूल्य रू. ५१२ दशमलव २१, सांग्रिला डेभलपमेन्ट बैंकको रू. ३७२ दशमलव ४०, डिप्रोक्स लघुवित्तको रू. ७८५ दशमलव ३९, साना किसानको रू. ८१४ दशमलव ६५ र लक्ष्मी सन्राइज बैंकको रू. २२४ दशमलव ७६ कायम भएको छ ।

नेप्सेले मंगलवार कारोबार दिनको अन्तिम मूल्यका आधारमा कम्पनीको शेयर मूल्य समायोजन गरेको हो । यही समायोजित मूल्यलाई आधार मानेर कम्पनीको शेयर बुधवार (आज)देखि दोस्रो बजारमा कारोबारमा आउनेछ ।

एशियाली शेयर बजारका सूचक (अपडेट : २०२४ डिसेम्बर ३१)

स्टक एक्सचेन्ज	सूचकको नाम	इन्डेक्स	फरक प्रतिशत
बम्बई स्टक एक्सचेन्ज	बीएसई सेन्सेक्स	७८,१३९.०१	-०.१४%
नेशनल स्टक एक्सचेन्ज	निफ्टी ५०	२३,६४४.८०	०.००%
हङकङ स्टक एक्सचेन्ज	हैंग सेंग	२०,०५९.९५	०.०९%
संघाई स्टक एक्सचेन्ज	संघाई एसई कम्पोजिट इन्डेक्स	३,३५१.७६	-१.६३%

वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १६)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड	६७०	७९०	४९७.४
२	एभरेष्ट बैंक लिमिटेड	५८१	७९०	४८७.३
३	नबिल बैंक लिमिटेड	५०२	७००	४१९
४	नेपाल एसबिआई बैंक लिमिटेड	४२८	५४९	२६८.६
५	एनआईसी एशिया बैंक लिमिटेड	३८५	५७३	३४१.६
६	कृषि विकास बैंक लिमिटेड	३१४	४२८.४	२२०.५
७	सानिमा बैंक लिमिटेड	२९९.९	३८२	२२८
८	सिद्धार्थ बैंक लिमिटेड	२९९.८	३८०	२१२.२
९	नेपाल बैंक लिमिटेड	२६६	३३७.५	१९५.१
१०	प्राइम कमर्सियल बैंक लिमिटेड	२५९	३२९	१८६
११	एनएमबि बैंक लिमिटेड	२४५.४	३००	१६२
१२	हिमालयन बैंक लिमिटेड	२३९	३१२.१	१६७.१
१३	प्रभु बैंक लिमिटेड	२३८	२९७	१३२
१४	लक्ष्मी सन्राइज बैंक लिमिटेड	२३६	३००	१४३.६
१५	माछापुच्छ्रे बैंक लिमिटेड	२३३	२९५	१५७.८
१६	ग्लोबल आइएमई बैंक लिमिटेड	२२७	३०२	१७०
१७	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	२१९.१	२९६	१५२.५
१८	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	२१९	२९५	१४७.४
१९	कुमारी बैंक लिमिटेड	२१४.९	२७२.९	१२९.६

विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १६)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड	१३२५	१९२०	३३२.२
२	नारायणी डेभलपमेन्ट बैंक लि.	९३६.९	१४३३	३६५.१
३	ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड	८८०	१२०१	३१३
४	सप्तकोशी डेभलपमेन्ट बैंक लि.	८१५.४	११८०	२३७
५	सिन्धु विकास बैंक लिमिटेड	६९७	१११४.७	२६५.१
६	मितेरी डेभलपमेन्ट बैंक लिमिटेड	६००	८४३.५	३७५
७	एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड	५४६	७७४	३२५
८	लुम्बिनी विकास बैंक लिमिटेड	४६४	५६०	३६१
९	कामना सेवा विकास बैंक लिमिटेड	४२३	५६४.८	३११
१०	शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि.	४१३	६२५	३५३
११	गरिमा विकास बैंक लिमिटेड	३८९	५३१.४	३५०
१२	सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड	३८६	४९७	२८५
१३	मुक्तिनाथ विकास बैंक लिमिटेड	३६९	४८२	३३२.४
१४	महालक्ष्मी विकास बैंक लिमिटेड	३६२	४९८	३०५.८
१५	ज्योति विकास बैंक लिमिटेड	३५३.९	४४५	२७५

फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १६)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	नेपाल फाइनान्स लिमिटेड	९७४.९	२६१४.९	३०३
२	गुडविल फाइनान्स लिमिटेड	७६४	१३५३	४१५.८
३	जानकी फाइनान्स कम्पनी लि.	७५०.१	१०८३.३	३३४.२
४	आइसिएफसि फाइनान्स लिमिटेड	६४०	९१०	४५५
५	गोर्खाज फाइनान्स लिमिटेड	६३१	१०४१	५१६
६	मञ्जुश्री फाइनान्स लिमिटेड	६२९.२	९१७	४८०.२
७	बेष्ट फाइनान्स कम्पनी लिमिटेड	६०५	९५१.६	३०९.१
८	मल्टीपर्पस फाइनान्स लिमिटेड	६००	९३६.९	३१७.८
९	प्रोग्रेशिभ फाइनान्स लिमिटेड	५८५	८६५	२९५
१०	समृद्धि फाइनान्स कम्पनी लिमिटेड	५६८	१११७.९	२८५.५
११	श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड	५४१	७९५	३३६.२
१२	सेन्ट्रल फाइनान्स लिमिटेड	५४०	८२०	३१८
१३	रिलायन्स फाइनान्स लिमिटेड	५२९	८३८	३३९
१४	पोखरा फाइनान्स लिमिटेड	५१९.३	७९५	३४०
१५	गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड	४९५	७५९	३३३

'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १६)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	१४५४	१९२६	४७२
२	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	९५२.१	१२१४	८००
३	नेपाल वेयरहाउजिङ्ग कम्पनी लि.	९३०	१२६४	३४२.६
४	हिमालयन रिइन्स्योरेन्स लिमिटेड	७९०	१०६०	३०९.२
५	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	७५०	१०५२	६३०.१
६	नेपाल रिपब्लिक मिडिया लिमिटेड	४३०	५८०.८	३३०.४

निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना

यस बैंकका खातावाला श्री कृष्ण प्रसाद नेपालको नाति, श्री पुर्ण प्रकाश नेपालको छोरा, काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ०१, कपन, फैकामा बस्ने श्री जिवन प्रकाश नेपालको मिति वि.सं. २०८१/०८/१३ (२०२४/११/२८ ई.सं.) का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको एकल बचत खाता नं. ००९०११०५००००७४० मा रहेको सम्पूर्ण निक्षेप रकम श्री तुलसा रीजालको खातामा भुक्तानी पाउँ भनि मृतकका पत्नी श्रीमती श्री तुलसा रीजालले मिति २०८१/०९/०४ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक वाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सानिमा बैंक www.sanimabank.com

चुच्चेपाटी शाखा, काठमाण्डौ, फोन : ०१-५२१०३०१/५२१०५०७/५२१०२६९
इमेल : chuchchepati@sanimabank.com

नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०९/१७)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

१

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (राजविराज शाखा, सप्तरी)

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा व्यवस्थापन विभागमा मिति २०७१/०५/२७ मा प्रा.फ.र.नं. २४७७/०७१/०७२ अन्तर्गत दर्ता भएको **के के मोटर पार्टस एण्ड सेन्टर ।**

ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ ।

ऋणी फर्मका प्रोप्राइटर:

भोकारी मियाँको नाति सुलेमान मियाँको छोरा सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. १६१०५६/१६५ (जारी मिति २०६६/११/९, स्थान सप्तरी) भएका **मो. फिरोज ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. भोकारी मियाँको नाति सुलेमान मियाँको छोरा सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. १६-०१-७१-०६१८२ (जारी मिति २०७१/०८/२४, स्थान सप्तरी) भएका **महमद अफरोज ।**

२. बौवा मियाँको नाति भोकारी मियाँको छोरा सप्तरी जिल्ला, मलेठ गा.प. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. ५९२७३६४३ (जारी मिति ०४३/१०/१५, स्थान सप्तरी) भएका **सुलेमान मियाँ ।**

३. मुस्लीम मियाकी छोरी भोकरी मियाँकी बुहारी सुलेमान मियाँकी श्रीमती सप्तरी जिल्ला, मलेठ गा.प. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. ४०१७ (जारी मिति: २०४६/४/२, स्थान सप्तरी) भएकी **कमरुन खातुन ।**

४. मो. नसि उल्लाहकी छोरी सुलेमान मियाकी बुहारी मो. फिरोजकी श्रीमती सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. १६१०५६/२७० (जारी मिति: २०६६/११/११, स्थान सप्तरी) भएकी **रोकसाना खातुन ।**

धितोमा रहेको घर/जग्गाको विवरण

१. सप्तरी जिल्ला, मलेठ गा.प. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने, **कमरुन खातुन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ८, नक्सा सीट नं ८ मा अवस्थित कि.नं. ११२०, २२३ र ८४५ क्षेत्रफल ०-५-५, ०-२-१९-० र ०-३-१४.५-० विगाह जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. सप्तरी जिल्ला, मलेठ गा.प. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने, **कमरुन खातुन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ७, नक्सा सीट नं ७ ख मा अवस्थित कि.नं. २९ क्षेत्रफल ०-३-१९ विगाह जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. सप्तरी जिल्ला, मलेठ गा.प. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने, **कमरुन खातुन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ४, नक्सा सीट नं ४क मा अवस्थित कि.नं. २५१ र २४९ क्षेत्रफल ०-८-३-० र ०-१७-१२-० विगाह जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

४. सप्तरी जिल्ला, मलेठ गा.प. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने, **कमरुन खातुन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ७, नक्सा सीट नं ७ क मा अवस्थित कि.नं. ७७६ क्षेत्रफल ०-३-०-० विगाह जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

५. सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने, **मो. फिरोज**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, बकधुवा गा.वि.स. वडा नं. ९, नक्सा सीट नं ९क मा अवस्थित कि.नं. ५०६, ६७०, ६७२, ५३२, ५०९, ५२८ र ५०८ क्षेत्रफल ०-०-१५, ०-०-८, ०-०-२, ०-०-२, ०-०-१०, ०-०-५ र ०-०-१० विगाह जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

६. सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने, **मो. फिरोज**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ७, नक्सा सीट नं ७ ख मा अवस्थित कि.नं. २३७ र ९५८ क्षेत्रफल ०-०-१९-० र ०-१-१-० विगाह जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम जीतपुरसिमरा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बारा प्रदेश नं. २, नेपालमा मिति २०७६/०४/२४ मा दर्ता नं. ८९१ अन्तर्गत दर्ता भएको **आदित्य किराना एण्ड जेनरल स्टोर ।**

ठेगाना : बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ ।

ऋणी फर्मका प्रोप्राइटर:

महेश राउत कुर्मीको नाति हरिचन्द्र राउत कुर्मीको छोरा बारा जिल्ला, बहुअरी गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. १९८४/१३१० (जारी मिति २०५९/५/४, स्थान बारा) भएका **राजाराम पटेल ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. महेश राउत कुर्मीको नाति हरिचन्द्र राउत कुर्मीको छोरा बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ३३२०८१/३०७१० (जारी मिति २०६७/१२/०२, स्थान बारा) भएका **राम बाबु पटेल ।**

२. साहेब राउतको नाति महेश राउत कुर्मीको छोरा बारा जिल्ला, बहुअरी गा.प. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ५८२/०९६९ (जारी मिति २०३५/६/९, स्थान बारा, कलैया) भएका **हरिचन्द्र राउत कुर्मी ।**

३. महेश राउत कुर्मीकी बुहारी, हरिचन्द्र राउत कुर्मीकी श्रीमति, बारा जिल्ला, बहुअरी गा.प. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ४६३/०६३१०६४ (जारी मिति ०३०/१/४, स्थान बारा, कलैया) भएकी **उमा देवी कुरमीन ।**

धितोको विवरण

बारा जिल्ला, पिप्रासिमरा गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बस्ने, **राम बाबु पटेल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, पिप्रासिमरा गा.वि.स. वडा नं. ४, नक्सा सीट नं ४क मा अवस्थित कि.नं. ६७५९ क्षेत्रफल ०-०-१०.५ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३

ऋणीको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)

राम लोचन साह कानुकी छोरी, बेचु साह कानुकी बुहारी, राजेन्द्र कुमार साहकी श्रीमति, बारा जिल्ला, कलैया न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३१०५५/३९०२१ (जारी मिति २०७०/०३/३१, स्थान बारा) भएकी **कोशिला देवी ।**

ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. शकुल साह कानुको नाति, बेचु सा कानुको छोरा बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३-०१-७६-०९६८५ (जारी मिति २०७६/०९/०७, स्थान बारा) भएका **राजेन्द्र कुमार साह ।**

२. बेचु सा कानुको नाति, राजेन्द्र कुमार साहको छोरा बारा जिल्ला, कलैया न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३१०५५/४२४६८ (जारी मिति २०७०/०८/१९, स्थान बारा) भएका **अरुण साह ।**

३. बेचु सा कानुकी नातिनी, राजेन्द्र कुमार साहकी छोरी बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३-०१-७७-०४६३४ (जारी मिति २०७७/०८/१७, स्थान बारा) भएकी **रंजु कुमारी ।**

धितोको विवरण

बारा जिल्ला, कलैया न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १ बस्ने, को **शिला देवी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ५, नक्सा सीट नं ५ मा अवस्थित कि.नं. क्रमशः ७८८, ७८९, १२६३ र १२४१ क्षेत्रफल क्रमशः ०-१-५-६, ०-०-१-१०, ०-१-१६.५ र ०-०-१६-६.५ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

नबिल बैंक लिमिटेड, जनकपुर भानुचोक शाखा, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/०९/१७)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका र कमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०८/२९ को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमो जिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **जनकपुर भानुचोक शाखा, धनुषा**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

१. ऋणी कम्पनी : कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१/०४/२९ मा दर्ता नं. १२५४९८/०७१/०७२ अन्तर्गत दर्ता भएको **कमल निर्माण सेवा प्रा. लि ।**
ठेगाना: धनुषा जिल्ला जनकपुर उ.म.न. पा. वडा नं. ०९, जनकपुर, धनुषा ।

कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. हजारी महतोको नाति लक्ष्मी साह सुडीको छोरा धनुषा जिल्ला रघुनाथपुर गाउँ पञ्चायत. वडा नं. ०४ स्थायी घर भई हाल धनुषा जिल्ला सबैला न.पा वडा नं. १२ बस्ने, ना.प्र.नं. ५२७२३६८८ (जारी मिति: २०४४/०३/२९, स्थान धनुषा) भएका **किशोरी साह कमल ।**
२. गंगाई साह सुडीको नाति इन्द्रदेव साह सुडीको छोरा धनुषा जिल्ला गोदार गा.वि.स. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ९२८६३२४३ (जारी मिति: २०६०/०८/१८, स्थान धनुषा) भएका **संजीत कुमार साह ।**
३. कृष्णदेव महतो सुडीकी छोरी, इन्द्रदेव साह सुडीकी बुहारी, रंजीत कुमार साहकी श्रीमती सिरहा जिल्ला चिकना गा.वि.स वडा नं. ०१ बस्ने, ना.प्र.नं. ११०४/२६० (जारी मिति: २०६६/०९/१६, स्थान सिरहा) भएकी **सरोज कुमारी महतो ।**
४. गंगाई साह सुडीको नाति इन्द्रदेव साह सुडीको छोरा धनुषा जिल्ला गोदार गा.वि.स. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ९

१ दशमलव २६ प्रतिशत घट्यो नेप्से

अभियान संवाददाता

काठमाडौं

मंगलवार नेप्से परिसूचक १ दशमलव २६ प्रतिशत घटेर २ हजार ५७६ दशमलव ५० विन्दुमा बन्द भएको हो । यसअघि गत आइतवार नेप्से शून्य दशमलव ८० प्रतिशत घटेको थियो ।

बजार घट्दा वित्त समूहका लगानीकर्ताले सर्वाधिक गुमाएका छन् । मंगलवार वित्त समूहको सूचक सर्वाधिक ५ दशमलव १९ प्रतिशत घटेको छ ।

यस दिन ३०८ धितोपत्रको १ करोड ३१ लाख ७४ हजार ३७९ कित्ता ६९ हजार ९२३ पटकमा रू. ५ अर्ब ६७ करोड बराबरको कारोबार भएको छ । कारोबारमा आएका कम्पनीमध्ये नाडेप लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य ४ दशमलव ०१ प्रतिशत वृद्धि भएको छ। कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ९८५ पुगेको छ । शेयर मूल्य सर्वाधिक बढ्ने कम्पनीको सूचीको दोस्रोमा उपकार लघुवित्त वित्तीय संस्था छ । कम्पनीको शेयर मूल्य ४ प्रतिशत बढेर रू. ४ हजार १७४ पुगेको छ ।

मंगलवार तीन कम्पनीको शेयर मूल्य १० प्रतिशतका दरले घटेको छ। सपोर्ट लघुवित्त वित्तीय संस्था, जानकी फाइनान्स र पोखरा फाइनान्सको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशत घटेको हो । सपोर्ट लघुवित्तको शेयर मूल्य रू. ३ हजार २२८ दशमलव ७०, जानकी फाइनान्सको रू. ७५० दशमलव १० र पोखरा फाइनान्सको रू. ५१९ दशमलव ३० मा झरेको छ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा प्रभु बैंकले ओगटेको छ। यस बैंकको रू. ३५ करोड ९४ लाख बराबरको कारोबार भएको हो । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. २३८ कायम भएको छ। सर्वाधिक शेयर खरीदविक्री हुने दोस्रोमा नेपाल फाइनान्स छ । कम्पनीको रू. १७ करोड ८७ लाख बराबरको शेयर खरीदविक्री भएको हो ।

बजार पूँजीकरण घट्यो

मंगलवार बजार पूँजीकरण रू. ५४ अर्ब ८७ करोडले घट्दै रू. ४२ खर्ब ७३ अर्ब ६४ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४३ खर्ब २८ अर्ब ५१ करोड थियो ।

कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको

कारोबार रकमका आधारमा मंगलवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३३ दशमलव ६३ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. १ अर्ब ९० करोड ८४ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा वित्त समूह रहेको छ । उक्त समूहको रू. ९२ करोड ८५ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार

मंगलवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ६४ करोड १५ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. २६ करोड ९१ लाख बराबरको धितोपत्र बिक्री भएको छ भने रू. ३७ करोड २३ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ६५ रहेको छ। जसबाट मंगलवारको बजारमा रू. ४२ करोड ७४ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र

बढेका धितोपत्र			घटेका धितोपत्र		
धितोपत्र	अन्तिम मूल्य रू.	फरक (प्रतिशत)	धितोपत्र	अन्तिम मूल्य रू.	फरक (प्रतिशत)
११% एनआईसी एशिया बैंक डिबेन्चर ०८२/८३	१,१४९.४०	६.१०	सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड	३,२२८.७०	-१०.००
नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड	९८५.००	४.०१	जानकी फाइनान्स कम्पनी लिमिटेड	७५०.१०	-१०.००
उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड	४,१७४.००	४.००	पोखरा फाइनान्स लिमिटेड	५१९.३०	-१०.००
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड	२५५.००	३.३२	नारायणी डेभलपमेन्ट बैंक लिमिटेड	९३६.९०	-९.९९
रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	४३३.००	३.१०	गृहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.	४९५.००	-९.३४

समूहगत परिसूचकमा आएको परिवर्तन

क्र.सं.	समूह	समूहगत परिसूचक	परिवर्तन (%मा)
१	अन्य	१,९४७.५७	०.०६
२	लगानी	९८.६७	-०.०८
३	म्युचुअल फण्ड	२०.२६	-०.३८
४	जीवन बीमा	१२,३६३.१०	-०.६५
५	बैंकिङ्ग	१,४०२.३३	-०.९२
६	निर्जीवन बीमा	१२,३२५.८४	-०.९५
७	होटल तथा पर्यटन	६,२९९.४१	-१.३८
८	लघुवित्त	४,९०७.७२	-१.४१
९	उत्पादन तथा प्रशोधन	६,६६०.१९	-१.५१
१०	जलविद्युत्	३,३७४.७१	-१.७३
११	विकास बैंक	५,०७८.६५	-२.७७
१२	व्यापार	४,५३०.९९	-२.९७
१३	वित्त	२,७८३.३४	-५.१९

समूहगत कारोबार

क्र.सं.	समूह	कारोबार रकम (रू. करोडमा)	कारोबारमा हिस्सा(%मा)
१	जलविद्युत्	१९०.८४	३३.६३
२	वित्त	९२.८५	१६.३६
३	बैंकिङ्ग	७६.३३	१३.४५
४	लघुवित्त	५०.२०	८.८५
५	विकास बैंक	४१.५४	७.३२
६	लगानी	२६.७८	४.७२
७	उत्पादन तथा प्रशोधन	२२.९७	४.०५
८	निर्जीवन बीमा	२०.४४	३.६०
९	जीवन बीमा	१६.५८	२.९२
१०	अन्य	१३.२२	२.३३
११	होटल तथा पर्यटन	६.७४	१.१९
१२	संस्थापक शेयर	४.४३	०.७८
१३	व्यापार	२.७६	०.४९
१४	म्युचुअल फण्ड	१.१३	०.२०
१५	ऋणपत्र	०.५९	०.११

सर्वाधिक कारोबार भएका पाँच धितोपत्र

धितोपत्रको नाम	कारोबार रकम (रू. करोडमा)	अन्तिम मूल्य(रू.)
प्रभु बैंक लिमिटेड	३५.९४	२३८.००
नेपाल फाइनान्स लिमिटेड	१७.८७	९७४.९०
जानकी फाइनान्स कम्पनी लिमिटेड	१४.४२	७५०.१०
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१२.२८	९६९.९०
एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड	११.९४	१,०१७.००

शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)

ब्रोकर नं.	खरीद रकम	बिक्री रकम	जम्मा रकम
५८	३७.२३	२६.९१	६४.१५
६५	२३.७७	१८.९६	४२.७४
३४	२१.५०	१८.६८	४०.१९
४५	२१.४१	१७.५५	३८.९७
१७	९.७८	२६.५४	३६.३३

शैलेश्वरी पावर नेपाल लिमिटेड

का.म.न.पा.-३१, शंखमुल, काठमाण्डौ

आ. व. २०८०/०८१ को वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८१/०९/१७)

आदरणीय शेयरधनी महानुभावहरु,

यस शैलेश्वरी पावर नेपाल लिमिटेडको संचालक समितिको मिति २०८१/०९/०१ गते बसेको बैठकको निर्णय अनुसार कम्पनीको दोस्रो वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा सम्बन्धी कार्यक्रम :

मिति : २०८१/०९/२५ गते, विहिवार

समय : विहान ११:०० बजे ।

स्थान : होटल ए वन प्यालेस, शंखमुल, काठमाण्डौ ।

वार्षिक साधारण सभाको विषय सूची :

(क) सामान्य प्रस्ताव

(१) संचालक समितिको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(२) कम्पनीको आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तिय विवरणमा छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(३) आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

(४) संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु

(१) सर्वसाधारणको लागि साधारण शेयर निष्काशन (IPO) गर्ने तथा सो सम्वन्धमा गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

(२) प्रवन्धपत्र र नियमावलीमा गरिने संसोधन थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रवन्धपत्र वा नियमावलीमा संसोधन एवं परिमार्जन तथा शेयर संरचना परिवर्तन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(३) विविध ।

साधारण सभा सम्बन्धी सामान्य जानकारी

(१) अन्य जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं. ३१, शंखमुल, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

लक्ष्मी सन्राइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०९/१७)

यस बैंक (साविक लक्ष्मी/सन्राइज बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिको विभिन्न पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने तथा विभिन्न मितिको विभिन्न पत्रिकामा धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा यो धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८१/०९/२४ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालयः बिराटनगर, मोरङ्ग

(उल्लेखित सम्पत्तिको सम्पूर्ण लिलाम सम्बन्धीको कार्य बैंकको शाखा कार्यालय बिराटनगर, मोरङ्गबाट हुनेछ ।)

१. ऋणीको नाम : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्रा.फा.र.नं. २८०४८ मिति २०७२/१२/२१ मा दर्ता भई मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ३ मा रजिष्टर्ड ठेगाना रही आन्तरिक राजश्व कार्यालय विराटनगरमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४०४५४०९ मिति २०७२/१२/२४ मा दर्ता भएको **श्री जुली इन्टरप्राईजेज** ।

प्रोप्राईटर तथा धितो जमानतकर्ता : राधा मोहन गुप्ताको नाति, शिव पुजन गुप्ताको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ०१ बस्ने **राजु गुप्ता** (ना.प्र.नं. ०५-३०६६/३५६ जि.प्र.का. मोरङ्ग जारी मिति २०६३/१०/२९) ।

व्यक्तिगत जमानतकर्ता:* शिव पुजन गुप्ताको बुहारी, शंकर गुप्ताको छोरी, राजु गुप्ताको पति, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ०१ बस्ने **जुली गुप्ता** (ना.प्र.नं. ०५-०१-७०-१७३८३ जि.प्र.का. मोरङ्ग जारी मिति २०७०/०५/०६) ।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. **प्रोप्राईटर तथा धितो जमानतकर्ता राजु गुप्ता**को नाममा मालपोत कार्यालय बिराटनगरको लगतमा दर्ता श्रेष्ठा कायम रहेको मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा वडा नं. १/ग स्थित कित्ता नं. १६२७ र १६३० को क्षेत्रफल क्रमशः ०-०-३-२ र ०-०-८-२ बिगाह जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

२) ऋणीको नाम : राधा मोहन गुप्ताको नाति, शिव पुजन गुप्ताको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ०१ बस्ने **राजु गुप्ता** (ना.प्र.नं. ०५-३०६६/३५६ जि.प्र.का. मोरङ्ग जारी मिति २०६३/१०/२९) ।

व्यक्तिगत जमानतकर्ता : * शिव पुजन गुप्ताको बुहारी, शंकर गुप्ताको छोरी, राजु गुप्ताको पति, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ०१ बस्ने **जुली गुप्ता** (ना.प्र.नं. ०५-०१-७०-१७३८३ जि.प्र.का. मोरङ्ग जारी मिति २०७०/०५/०६) ।

शाखा कार्यालयः न्यूरोड, काठमाडौं

(उल्लेखित सम्पत्तिको सम्पूर्ण लिलाम सम्बन्धीको कार्य बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौंबाट हुनेछ ।)

१. ऋणी तथा धितो जमानतकर्ताको नाम : कृष्ण प्रसाद भट्टराईको नाति, गोपाल सिंह भट्टराई क्षेत्रीको छोरा, मोरङ्ग जिल्ला विराटनगर उम.न.पा. वडा नं. ५ भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ४ बस्ने **सुरज भट्टराई** (ना.प्र.नं. १/७९७ जि.प्र.का. मोरङ्ग जारी मिति २०४४-११-१३)

व्यक्तिगत जमानतकर्ता :* सर्वलाल गिरीको नातीनी, शंकर गिरीको छोरी, मोरङ्ग जिल्ला विराटनगर उम.न.पा. वडा नं. १३ भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ४ बस्ने **निशा गिरी** (ना.प्र.नं. १७०२७ जि.प्र.का. मोरङ्ग जारी मिति २०५१-१०-२५)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : ऋणी सुरज भट्टराईको नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौको लगतमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ४ को कित्ता नं. ४३१ को क्षेत्रफल ०-६-०-० (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।**

नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो ।

पुनश्च : बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ । साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अङ्गको रुपमा रहनेछ ।

अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असूली विभागमा सम्पर्क राख्न सकिने छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
M/s Taragaon Regency Hotels Ltd.

HYATT REGENCY

बौद्ध, काठमाडौं, नेपाल, फोनः ५१७१२३४, ४२१७१२३, फ्याक्सः ५१७८३३३

२८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०२

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०८१ मंसिर १९ गते (तदानुसार ४ डिसेम्बर, २०२४) बुधबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २८औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयं वा रितपूर्वकको प्रतिनिधित्वद्वारा उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८१ साल पौष २४ गते (तदानुसार ०८ जनवरी, २०२५) बुधबार ।
समय : विहान ११:०० बजे ।
स्थान : नेपाल आर्मी अफिसर्स कल्ब, जङ्गिअड्डा-भद्रकाली काठमाण्डौं ।

छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरुः

(क) सामान्य प्रस्तावहरुः

(१) आर्थिक वर्ष २०८०/०८१ (२०२३/२०२४) को सञ्चालक समितिको २८औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२०२४) को वित्तीय विवरणहरुः वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने ।
(३) आ.व. २०८१/०८२ (२०२४/२०२५) को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) कम्पनीको मिति २०८१/०८/१९ (तदानुसार ४ डिसेम्बर, २०२४) गते बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ११% नगद लाभांश (कर बाहेक) प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
(५) कम्पनीको सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालक पद-१ (एक) निर्वाचन गर्ने ।
(६) संचालक समिति र संचालक समिति अन्तर्गत गठित समितिहरुको सदस्यको बैठक भत्ता अनुमोदन गर्ने सम्बन्धमा ।

(ख) विविध ।

सञ्चालक समितिको आज्ञाले,
गीता दाहाल
कम्पनी सचिव

पुनश्चः सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान हिसाब, साधारण सभा सम्बन्धी जानकारी, प्रोक्सी फाराम र प्रवेश पत्र यस कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौमा वा शेयर रजिष्ट्रार एन आई सी एसिया क्यापिटल लिमिटेड, चौंथो तल्ला, ट्रेड टावर थापाथली, काठमाडौंमा आई निरिक्षण गर्न वा प्राप्त गर्न सकिनेछ । वार्षिक प्रतिवेदन, साधारण सभामा पेश हुने प्रस्तावहरु कम्पनीको website:www.taragaon.com बाट जानकारी प्राप्त गर्नु हुन सम्बन्धित सबै शेयरधनीहरुमा अनुरोध छ ।

२८औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी :

(१) कम्पनीको २८औं वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेश पत्र पूर्ण रुपमा भरेर वा आफ्नो कुनै सक्कल आधिकारीक परिचय खुल्ने प्रमाण सहित वा शेयर प्रमाण पत्रको प्रतिलिपि वा कम्पनीको शेयर अभौतिकीकरण गरिसकेका शेयरधनी महानुभावहरुको हकमा हितग्राही परिचय पत्र नं. साथमा लिई आउनुहुन अनुरोध छ । प्रतिनिधी नियुक्ति गर्ने व्यक्ति, कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी तथा सस्थाको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनु पर्नेछ ।
(२) सभामा भाग लिन आउनु हुने सबै शेयरधनी महानुभावहरु वा निजका प्रतिनधीहरुले सभा हुने स्थानमा रहेको शेयरधनी हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने छ । उक्त हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ । शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम साधारण सभाको लागि आवश्यक गणपूरक संख्या पुरा भए पश्चात सभाको काम कारवाही अगाडी बढाइनेछ ।
(३) नाबालक वा अशक्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा उल्लेख भएका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ ।
(४) सभामा भाग लिनको निमित्त प्रतिनिधि नियुक्त गर्नको लागि शेयरधनी महानुभावहरुले कम्पनीको कायम अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधि नियुक्त फारम सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौंमा दर्ता गरी सक्नु पर्नेछ । नाबालक तथा अशक्त शेयरधनीको प्रतिनिधिको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधि तोक्न सक्ने छ । प्रतिनिधि नियुक्त गरिसक्नु भएका शेयरधनी महानुभावहरु आफैं सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ ।
(५) संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनी लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र सभामा भाग लिन सक्नेछ । तर प्रतिनिधि कायम गर्नुपर्ने अवस्थामा दुबै जनाको सर्व-सम्मतबाट कम्पनीमा कायम अर्को शेयरधनीलाई सहीछाप गरी नियुक्त गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन पाउनेछन् ।
(६) प्रतिनिधि नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखतसँग दुरुस्तै मिल्नु पर्नेछ ।
(७) शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले वा प्रबन्ध सञ्चालक वा प्रबन्ध सञ्चालकले तोकेको व्यक्तिले उत्तर दिन सक्नुहुनेछ ।
(८) शेयरधनी महानुभावहरुलाई छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा ७ (सात) कार्य दिन अगावै २०८१/०९/१७ गते (तदानुसार १ जनवरी, २०२५) बुधबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी सञ्चालकञ्यूका नाममा लिखित जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
(९) सभाको सुरक्षालाई मध्यनजर गर्दै सभामा उपस्थित हुनुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई झोला (ब्याग) आदि नल्याउनु हुन अनुरोध गरिन्छ । साथै सभा स्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक ठानेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सुरक्षा जाँचमा सहयोग गरिदिनु हुनको निमित्त समस्त शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।
(१०) मिति २०८१/०९/०७ गते देखि २०८१/०९/१८ गते (तदानुसार २२ डिसेम्बर, २०२४ देखि २ जनवरी, २०२५) सम्म कम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१।०९।०६ गते (तदानुसार २१ डिसेम्बर, २०२४) सम्म नियमानुसार कारोबार भई प्रचलित कानून बमोजिम शेयर नामसारी भई कायम शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।
(११) शेयरधनी महानुभावहरुलाई कम्पनीको २८ औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कम्पनीको रजिष्टर्ड कार्यालय बौद्ध, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।
(१२) कम्पनीको वार्षिक साधारणसभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, वित्तिय विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथा समयमा पठाइनेछ । कारणवश कसैलाई उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेमा कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौबाट शेयरधनीको प्रमाणपत्र प्रस्तुत गरी प्राप्त गर्न सक्नु हुनेछ । २८ औं वार्षिक साधारण सभाको सूचना सहितको २०८०।०८१ को वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईट www.taragaon.com मा समेत हेर्न सक्नुहुनेछ ।
(१३) वार्षिक साधारण सभामा मन्तव्य राख्नका निमित्त प्रति वक्ता ३ मिनेट मात्र समय उपलब्ध हुनेछ । विशेष समय लाग्ने भएमा मन्तव्य नदिई आफ्नो विचारको लिखित प्रति कम्पनी सचिवलाई उपलब्ध गराउन सकिनेछ ।
(१४) सर्वसाधारण शेयरधनी समुहको प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन सम्बन्धि कार्यक्रम निर्वाचन समितिले तोके बमोजिम हुनेछ र सो सम्बन्धी सूचना २८औं वार्षिक साधारण सभा हुनु भन्दा कम्तीमा ७ (सात)दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै कम्पनीको वेभसाइडमा समेत राखिनेछ ।

प्रोक्सी फारम

श्री संचालक समिति
तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
का.म.न.पा. ६, बौद्ध, काठमाण्डौ ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महोदय,
... ... जिल्ला ... ... महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने म/हामी .....ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८१ पौष २४ गते (तदानुसार ८ जनवरी, २०२५) बुधबारका दिन हुने २८ औं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि ..... जिल्ला ..... महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री ..... शेयर प्रमाण पत्र नं./हितग्राही खाता नं. ..... लाई मेरा/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको नामः
दस्खत नमुनाः
शेयर प्रमाणपत्र/शेयरधनी परिचय नं.:

निवेदकको दस्तखतः
नामः
ठेगानाः

हितग्राही खाता नं.	DP ID	Beneficial Owner ID

शेयरधनी परिचय नं.
शेयर प्रमाणपत्र नं.
शेयर संख्याः

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बुधवार, १७ पुस २०८१ | Wednesday, 1 January 2025
आर्थिक अभियान

गोरख शमशेर राणा
प्रमुख कार्यकारी अधिकृत
स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल

सीईओमा मेरो नियुक्ति स्थानीय नेतृत्वमाथिको विश्वास हो

स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालको सञ्चालक समितिले हालै **गोरख शमशेर राणा**लाई पुस १७ अर्थात् जनवरी १, २०२५ देखि लागू हुनेगरी बैंकको प्रमुख कार्यकारी अधिकृत (सीईओ)मा नियुक्त गऱ्यो । उनी यो बैंकको सीईओ हुने पहिलो नेपाली नागरिक हुन् । करीब तीन दशकदेखि उक्त बैंकमा कार्यरत राणा यसअघि सोही बैंकका डेपुटी सीईओ थिए । देशको एक मात्र अन्तरराष्ट्रिय बैंकको नेतृत्व गर्ने अवसर पाएका राणासँग **आर्थिक अभियान**ले कुनै नेपालीले अन्तरराष्ट्रिय बैंकको नेतृत्व गर्नु पाउनुको अर्थ, देशको आर्थिक तथा वित्तीय अवस्था र बैंकिङ क्षेत्रमा देखिएको चुनौतीका सम्बन्धमा गरिएको कुराकानी ।

तपाईं स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको पहिलो नेपाली प्रमुख कार्यकारी अधिकृत (सीईओ)मा नियुक्त हुनुभएको छ । व्यक्तिगत रूपमा कस्तो महसूस भएको छ ?

स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको पहिलो नेपाली सीईओ नियुक्त हुनु मेरो लागि ठूलो सम्मान हो । यस क्रममा मलाई समर्थन गर्ने सबै सरोकारवालाहरू, ग्राहक, नियामक निकाय, शेयरधनी, मिडियामा रहेका साथीहरू र मेरा गुरु (मेन्टर)हरूप्रति म आभारी छु । यस परिवर्तनले नेपाली कर्मचारीहरूले अन्तरराष्ट्रिय कम्पनीहरूको समग्र व्यवसाय र सञ्चालनमा ल्याउन सक्ने मूल्य अभिवृद्धि, स्थानीय नेतृत्वमाथिको विश्वास र नेपालको बैंकिङ क्षेत्रको विकासमा रहेको प्रतिबद्धता उजागर गरेको छ । म बैंकिङ क्षेत्रको विकासलाई निरन्तरता दिन, हाम्रा ग्राहक, सरोकारवाला र समुदायको लागि अर्थपूर्ण प्रगति गर्नेगरी बैंकको विरासतलाई अघि बढाउनेछु। यो निर्णयले नेपालको नेतृत्व र प्रतिभा विकासमा उत्कृष्ट अवसर प्रदान गर्छ ।

स्ट्यान्डर्ड चार्टर्ड बैंकबाट आफ्नो करीअर शुरू गरेका धेरै जना तपाईंका सहकर्मी अन्य वाणिज्य बैंकमा सीईओ भए । तपाईंलाई अन्य बैंकहरूको नेतृत्व गर्ने अवसर थियो होला । तर किन तपाईंले यही बैंकमा आबद्ध रहिरहने निर्णय लिनुभयो ?

स्ट्यान्डर्ड चार्टर्डले नेपालको वित्तीय क्षेत्रको विकासको अतिरिक्त मलाई मेरो व्यावसायिक वृत्ति विकासमा सहयोग पुऱ्याएको छ । बैंकको अन्तरराष्ट्रिय पहुँच, दिगो बैंकिङप्रतिको प्रतिबद्धता र बलियो मूल्यमान्यता मेरा आफ्ना मान्यतासँग मेल खान्छन् । स्ट्यान्डर्ड चार्टर्डमा रहँदा मलाई सकारात्मक प्रभाव पार्न अवसर दिएको छ र लामो समयदेखि मप्रति दर्शाइएको विश्वासप्रति म आभारी छु ।

त्यसबाहेक, मेरिटोक्रेसी (योग्यता), अनुसन्धान र आचरणमा जोड दिने स्ट्यान्डर्ड चार्टर्डको संस्कृति मेरो व्यक्तिगत विश्वाससँग मेल खान्छ । विश्वस्तरमा फैलिएको तथा नेपालप्रति प्रतिबद्ध संस्थामा काम गर्न पाउनुले मलाई सन्तोषको अनुभूति दिलाएको छ र यसले मलाई देशका रूपान्तरणकारी पहलहरूमा सहभागी हुने मञ्च प्रदान गरेको छ ।

अन्तरराष्ट्रिय व्यापार र भुक्तानी प्रणालीमा नेपालको प्रतिष्ठा बढाउन स्ट्यान्डर्ड चार्टर्ड बैंकको नेपालमा भएको उपस्थिति कत्तिको महत्त्वपूर्ण छ ? नेपाली बैंकिङ क्षेत्रमा यो बैंकको के विशिष्ट योगदान रहेको छ ?

नेपालमा एक मात्र अन्तरराष्ट्रिय बैंकको रूपमा हामी नेपाल र विश्व बजारबीच महत्त्वपूर्ण सेतुका रूपमा काम गर्छौं । व्यापार वित्त (ट्रेड फाइनान्स) र सीमापार भुक्तानीमा हाम्रो विशेषज्ञताले नेपाली व्यवसायलाई अन्तरराष्ट्रिय साझेदारहरूसँग खासगरी व्यापार र भुक्तानीमा सहज रूपमा कारोबार गर्न सक्षम बनाएको छ । नेपाली बजारमा व्यापार र भुक्तानीको क्षेत्रमा स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालले महत्त्वपूर्ण बजार हिस्सा ओगटेको छ ।

साथै, यी क्षेत्रमा हाम्रो बैंकको दक्षता तथा हाम्रो सञ्चालनको व्यापकताका कारण नेपालमा हाम्रो उपस्थितिले यी सेवाहरू कम लागतमा उपलब्ध गराउन मद्दत गरेको छ ।

जहाँसम्म नेतृत्व र राष्ट्रिय एजेन्डामा योगदान पुऱ्याउने विषय छ, देशका लागि एकदमै महत्त्वपूर्ण विषयमा हामी आफ्नो अन्तरराष्ट्रिय विशेषज्ञता प्रयोग गरी योगदान गर्दै आएका छौं । उदाहरणका लागि हालै भएको नेपालको सार्वभौम शाख मूल्यांकनमा स्ट्यान्डर्ड चार्टर्ड बैंकले सल्लाहकारको भूमिका निर्वाह गरेकोलाई लिन सकिन्छ ।

विगत तीन दशकमा धेरै विदेशी बैंकहरू नेपालबाट बाहिरिएका छन् भने अन्य विदेशी बैंकहरू नेपाल प्रवेश गर्न इच्छा देखाएको देखिँदैन । तपाईंको विचारमा नेपाली बजार विदेशी बैंकहरूका लागि कम आकर्षक भएको हो ?

द्रुत गतिमा तीव्र विस्तार भइरहेका दुई ठूला अर्थतन्त्रहरू भारत र चीनको बीचमा रहेको र बीबी माइनस सार्वभौम शाख मूल्यांकन रहेको भौगोलिक स्थानका कारण नेपाल पनि उल्लेख्य सम्भावना भएको बजार हो । चुनौतीहरू विद्यमान भए पनि विकास र नवप्रवर्तनका लागि असंख्य अवसर पनि छन् । मलाई विश्वास छ कि अर्थतन्त्र बढ्दै जाँदा नेपाल विश्वभरिका लगानीकर्ताका लागि बढ्दो आकर्षक गन्तव्य बन्नेछ ।

सन् २०२२ मा स्ट्यान्डर्ड चार्टर्ड बैंक सातओटा देशबाट बाहिरियो । तर पनि नेपालमा भने सञ्चालनको निरन्तरता कायम राखेको छ । स्ट्यान्डर्ड चार्टर्डको नेपालमा रहिरहने निर्णयका कारण के हुन् ?

हामी नेपाललाई अन्तरराष्ट्रिय वित्त बजारसँग जोड्न अन्तरराष्ट्रिय सीमापार बैंकको रूपमा योगदान गर्न प्रतिबद्ध छौं ।

नेपालको पहिलो सार्वभौम क्रेडिट रेटिङमा स्ट्यान्डर्ड चार्टर्ड बैंकले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यो प्रक्रियामा बैंकको कस्तो खालको सहभागिता थियो ? नेपालले बीबी माइनस रेटिङले पाउनुको अर्थ के हो ?

नेपालको पहिलो सार्वभौम क्रेडिट रेटिङका लागि एकमात्र रेटिङ सल्लाहकारको रूपमा स्ट्यान्डर्ड चार्टर्ड बैंकले सल्लाहकारको भूमिका निर्वाह गरेकोलाई लिन सकिन्छ ।

धितो लिलामी र गैरबैंकिङ सम्पत्तिको वृद्धिले अर्थतन्त्रमा कर्जाको मागको कमी झल्काउँछ । तर यसले सक्रिय व्यवस्थापनको महत्त्व पनि दर्शाउँछ ।

न्यून कार्बन उत्सर्जन हुने अर्थतन्त्रतर्फको रूपान्तरणमा नेतृत्व गर्नु हाम्रो लक्ष्य रहेको छ ।

नेपालमा एक मात्र अन्तरराष्ट्रिय बैंकको रूपमा हामी नेपाल र विश्व बजारबीच महत्त्वपूर्ण सेतुका रूपमा काम गर्छौं ।

सेवा गर्ने अवसर पाउनु हाम्रो लागि गर्वको कुरा हो । यसले नेपाल आफ्नो बलियो वित्तीय प्रतिष्ठा बढाउन कटिबद्ध रहेको प्रष्ट पार्छ । बीबी माइनस रेटिङले नेपालको स्थिरताका साथै नेपाललाई विदेशी लगानी आकर्षित गर्न र आर्थिक वृद्धिमा योगदान गर्न महत्त्वपूर्ण सम्भावना भएको एक उदीयमान बजारको रूपमा पहिचान दिलाएको छ ।

स्ट्यान्डर्ड चार्टर्डलाई अझै पनि मुख्यतः सम्पन्न व्यक्तिहरू र ठूला कम्पनीलाई सेवा दिने बैंकको रूपमा हेरिन्छ । साना र मध्यम आकारका व्यवसायसँग जोडिन र सो क्षेत्रमा ग्राहक संख्या बढाउन बैंकले के कदम चालिरहेको छ ?

साना र मझौला उद्यमहरू (एसएमइज्) नेपालको अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा हुन् । तिनलाई वित्तीय सेवा प्रदान गर्नु हाम्रो रणनीतिको केन्द्रमै छ । यस्ता व्यवसायका लागि उपयुक्त हुने बैंकिङ 'प्रडक्ट' ल्याएर र क्षमता अभिवृद्धि तालीम दिएर हामी उनीहरूलाई व्यावसायिक लक्ष्य हासिल गर्न सघाउँछौं । यसका लागि हाम्रो वेल्थ एण्ड रिटेल बैंकिङ शाखा नै छ । कर्पोरेट र सम्पन्न ग्राहकसँगै हामी साना व्यवसायीको मूल्य सृजना गर्न प्रतिबद्ध छौं ।

नेपालको बैंकिङ क्षेत्रमा निष्क्रिय कर्जा (एनपिएल)को हिस्सा बढ्दै गएको छ । अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले बैंकहरूले प्रकाशित गरेको निष्क्रिय कर्जाको विश्वसनीयताबारे प्रश्न गरिरहेको छ र ठूला बैंकहरूको कर्जाको लेखापरीक्षण गर्न सुझाव दिएको छ । बैंकिङ क्षेत्रको निष्क्रिय कर्जाको अवस्था निकै चिन्ताजनक अवस्थामा पुगेको हो ? यो समस्या कत्तिको गम्भीर छ ?

खराब कर्जामा भएको वृद्धि चुनौतीपूर्ण छ । तर पनि नेपालमा ५ प्रतिशतभन्दा कम छ । यो भनेको दक्षिण एसियाली मुलुकका बैंकहरू वा अन्य उदीयमान बजारहरूको तुलनामा उल्लेख्य रूपमा कम हो । यसले जोखिम व्यवस्थापन र सञ्चालनको लचिलोपन सुदृढ पार्न अवसर पनि प्रदान गर्दछ । कर्जाको अनुगमन र पोर्टफोलियो विविधीकरणलगायत सक्रिय उपायहरू पहिले अपनाउन थालिएको छ । एक्स्पेक्टेड क्रेडिट लस फ्रेमवर्क लागू गरेपछि वित्तीय क्षेत्रलाई थप सुदृढ बनाउनेछ ।

नेपाली बैंकिङ प्रणालीमा तरलता अभाव र अधिक तरलताको समस्या एउटा चक्रको रूपमा चलिरहेको पाइन्छ, जसले गर्दा ब्याज दरहरूमा उतारचढाव आइरहेको छ र व्यवसायलाई प्रभावित पारिरहेको छ । यो दोहोरिने समस्यालाई कसरी हेर्नुहुन्छ ? यसलाई दिगो रूपमा समाधान गर्न कुनै उपाय छन् ?

परिवर्तनशील आर्थिक परिदृश्यका कारण तरलतामा हुने उतारचढाव धेरैजसो अर्थतन्त्रहरूमा भइरहने घटना हो । तर यसले वित्तीय प्रणालीमा सुधारका क्षेत्रहरू पनि देखाइदिन्छ । दीर्घकालीन बचतलाई प्रोत्साहन गर्नु, सरोकारवालाहरूबीच बढी समन्वय बढाउनु र सघन पूँजी बजारको विकास गर्नु प्रमुख समाधान हुन् । म आशावादी छु- यी उपायसँगै नेपालको वित्तीय क्षेत्र अझ स्थिर र लचिलो हुनेछ ।

बैंकहरूले हरित वित्तीय लगानी (ग्रीन फाइनान्सिङ) र दिगो बैंकिङ अभ्यास प्रवर्द्धन गर्न ध्यान दिइरहेका छन् । स्ट्यान्डर्ड चार्टर्ड बैंकले ग्रीन फाइनान्सिङको क्षेत्रमा के गरिरहेको छ ?

दिगोपना स्ट्यान्डर्ड चार्टर्डको सोचको केन्द्रविन्दु नै हो । नेपालमा हामी संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य अन्तर्गत नवीकरणीय ऊर्जा वरिपरिका परियोजना र वित्तीय संस्थालाई सहयोग गर्दै ग्रीन फाइनान्सिङका पहलमा सहयोग गरिरहेका छौं । हरित र दिगो भविष्यका लागि नेपालको आकांक्षासँग मिल्दोजुल्दो हुनेगरी न्यून कार्बन उत्सर्जन हुने अर्थतन्त्रतर्फको रूपान्तरणमा नेतृत्व गर्नु हाम्रो लक्ष्य रहेको छ ।

कर्जा ब्याजदरमा कमी आएको भए पनि कर्जा प्रवाह सुस्त देखिएको छ । तपाईंको विचारमा यो कर्जा वृद्धिमा सुस्ती आउनुका मुख्य कारण के-के हुन् ? कतिपय बैंकहरूको प्राथमिक कर्जा लिने ग्राहक अत्यधिक ऋणग्रस्त भएकाले नयाँ कर्जा दिन बैंकहरू असमर्थ भएका छन् । यसमा तपाईंको दृष्टिकोण के हो ?

कर्जा प्रवाहले गति लिन थालेको छ । तर अनुकूल आर्थिक सूचकांक हुँदाहुँदै यसको प्रभाव देखिन ढिलाइ भइरहेको छ । यसले कर्जा लिनेहरू कर्जा लिन बढी नै सतर्क रहेको देखाएको छ भने बैंकिङ क्षेत्रमा बलियो जोखिम व्यवस्थापनको बढ्दो आवश्यकता पनि देखाएको छ, जसले दीर्घकालीन रूपमा अर्थतन्त्रमा सकारात्मक प्रभाव पारोस् । ग्राहकलाई नयाँ नयाँ सेवामार्फत सहयोग गर्ने, कर्जा पहुँच सुधार गर्ने र सम्भाव्यता उच्च रहेका परियोजनामा लगानी प्रोत्साहित गर्ने यो अवसर हो ।

हालै बैंकहरूको धितो लिलामीको सूचनामा उल्लेख्य वृद्धि देखिएको छ । कर्जा असुली बैंकहरूका लागि ठूलो चुनौती बनेको हो ? बैंकहरूको गैरबैंकिङ सम्पत्ति गत एक वर्षमा ७२ प्रतिशतले बढेको छ । गैर बैंकिङ सम्पत्ति बढ्नु बैंकहरूका लागि कति चिन्ताको विषय हो ?

धितो लिलामी र गैर बैंकिङ सम्पत्तिको वृद्धिले अर्थतन्त्रमा कर्जाको मागको कमी झल्काउँछ । तर यसले सक्रिय व्यवस्थापनको महत्त्व पनि दर्शाउँछ । यस्तो अवस्था आउनु समस्या भए पनि यसले कर्जा असुली प्रक्रियामा नवीनता ल्याउन र कर्जाको गुणस्तरलाई सबल बनाउन अवसर प्रदान गर्छ । जोखिम व्यवस्थापन सुदृढ गरेर र सहकार्यात्मक प्रयासबाट हामी यो चुनौतीलाई दीर्घकालीन स्थिरताको अवसरमा परिणत गर्न सकिन्छ ।

लिलाम विक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०९/१७ गते

यस महालक्ष्मी विकास बैंक लि. तपसिलमा उल्लेखित विभिन्न शाखाबाट तपाँई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नभएकोले **मिति २०८१/१/२१ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा** ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी तपाई ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, व्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको वा धितो रहेको सवारी साधनहरु तपसिलमा उल्लेखित धितो वापत रहेको सवारी साधनहरु तथा अचल सम्पत्ती समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६औं दिनमा लिलाम विक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ। सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। साथै यस सूचना बमोजिम धितो लिलाम विक्री हुन नसकेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

हाकिमचोक शाखा :

१) **ऋणी : श्री देवकी टायल्स सप्लायर्स (संचालक : लता के.सी. अधिकारी, ना.प्र.नं. ३५३६३१०, जारी मिति/स्थान : २०५२/६/११, चितवन)**
प्रा.फ.नं. : १८७१/२०७६/२०७७, दर्ता मिति : २०७६/११/२१ (घरेलु तथा साना उद्योग कार्यालय)
पान नं. ६०७९५१४८०
फर्मको ठेगाना : चितवन जिल्ला, भरतपुर महानगरपालीका वडा नं. ९

२) **ऋणी : रविन्द्र अधिकारी (ना.प्र.नं. १६५८, जारी मिति/स्थान : २०५०/११/१३, चितवन)**
बाबु : राम बहादुर अधिकारी, बाजे : दिल बहादुर अधिकारी
ठेगाना : चितवन जिल्ला, भरतपुर–१२

व्यक्तिगत जमानीकर्ताहरु :
(क) लता के.सी. अधिकारी, बाबु : श्याम बहादुर के.सी., पति : रविन्द्र अधिकारी, ससुरा : राम बहादुर अधिकारी
(ख) रविन्द्र अधिकारी, बाबु : राम बहादुर अधिकारी, बाजे : दिल बहादुर अधिकारी
(ग) शुभङगम सिह अधिकारी, बाबु : रविन्द्र अधिकारी, बाजे : राम बहादुर अधिकारी
ठेगाना : चितवन जिल्ला, भरतपुर–१२

कर्जा शिर्षक : व्यापार कर्जा (ओडी) र हाउजिङ कर्जा (टर्म)

धितो सुरक्षणको विवरण :
क) श्री दिल बहादुर अधिकारीको नाति, श्री राम बहादुर अधिकारीको छोरा, चितवन जिल्ला, भरतपुर–१२ बस्ने रबिन्द्र अधिकारीको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, भरतपुर वडा नं.–४ चितवन स्थित कित्ता नं. ३७९० र ३७९१ को क्षेत्रफल क्रमशः ०-०-१२.७५-० र ०-०-१०.७५-० बिगहा भएको घर जग्गा र सो को लिगलागपात समेत ।
ख) श्री दिल बहादुर अधिकारीको नाति, श्री राम बहादुर अधिकारीको छोरा, चितवन जिल्ला, भरतपुर वडा नं. १२ बस्ने रबिन्द्र अधिकारीको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, भरतपुर वडा नं.–६/ग चितवन स्थित कित्ता नं. ३७८५ र ३८७७ को क्षेत्रफल क्रमशः ०-०-१०.२५-० र ०-०-१०.२५-० भएको घर जग्गा र सो को लिगलागपात समेत ।

शर्तहरु :
१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ ।
३. बोलपत्र स्विकृतवालाले बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । अन्यथा धरौटी जफत हुने छ ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ ।
५. कारणबस सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन ।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरीने छैन ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/१०/२ गते बुधबार (कार्यालय समय भित्र)
खोलिने मिति : २०८१/१०/०३ गते बिहीवार, दिनको २ बजे
खोलिने स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालय

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं !

हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,
- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिब्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पेट्रोल, डिजेलको मूल्य बढ्यो

काठमाडौं (अस)। नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य बढाएको छ । निगमले पुस १७ गते बिहानबाट लागू हुने गरी पेट्रोलको १ रुपैयाँ र डिजेल तथा मट्टीतेलमा २ रुपैयाँ प्रतिलिटरका दरले मूल्य बढाएको हो । निगमले हवाई इन्धनको मूल्य भने आन्तरिकतर्फ प्रतिलिटर २ रुपैयाँ र अन्तरराष्ट्रियतर्फ काठमाडौंको लागि प्रतिकिलोलिटर १५ अमेरिकी डलरले घटाएको जनाएको छ । पोखरा र भैरवामा भने हवाई इन्धन नाफा नलिई बेच्ने निगमले जनाएको छ । अब काठमाडौं उपत्यका, पोखरा र दिपायलमा पेट्रोल लिटरको १६३ रुपैयाँ पर्नेछ । सुर्खेत र दाङमा १६२ तथा चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, वीरगञ्ज र धनगढी क्षेत्रमा १६० रुपैयाँ ५० पैसा पर्ने निगमले जनाएको छ ।

न्यू विजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर